मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

- **वीरेन्द्र रमण** - मकवानपुरगढी
- **अञ्जली थापा** - पर्यटकको पर्खाइमा तीन शताब्दी पुरानो 'कुञ्छाल'
- **रामकुमार लिम्बू** - साहसिक पर्यटनको सम्भावना घोर्ले भिर
- प्रतिनिधिसभामा १६५ जना सदस्य भए पुग्छ (रमेश रिजाल) - **अन्तर्वार्ता**
- **गनी अन्सारी** - नयाँ नोटहरू तपाईंको हातसम्म यसरी आइपुग्छन्
- **अचुतकुमार ओझा** - पैसा कमाउने स्मार्ट उपायःपुँजी बजार लगानीको रहस्य

वर्ष ३ • अंक १९० • २०८२ साल जेष्ठ १० गते शनिबार • Saturday 24, May 2025 • सूर्योदयः बिहान ५:१५ बजे • सूर्यास्तः साँझ ६:४९ बजे • पृष्ठ ४+४ • मूल्य रु. ५/-

# शान्तिसुरक्षा स्थापनामा इमानदारिता देखाउन निर्देशन



**रमेश लेखक**
गृहमन्त्री, नेपाल सरकार

*मधेश प्रदेशको समान भूगोल, संस्कृति हुनुका साथै समस्या पनि समान नै भएकाले एकै प्रकारको सुरक्षा रणनीति अपनाएको खण्डमा सबैतिर लागू गरेर सुरक्षित बनाउन सकिन्छ । मधेश प्रदेशअन्तर्गत नेपाल र भारतीय सीमा क्षेत्रमा हुने आपराधिक घटना तथा चोरी तस्करी कडाइका साथ रोक्न जरुरी छ ।*



**सतिश कुमार सिंह**
मुख्यमन्त्री, मधेश सरकार

*मधेशमा देखिएको स्वास्थ्य, शिक्षा, बजारको छाडापन तथा चोरी पैठारीमा प्रभावकारी नियन्त्रणका लागि मधेश प्रदेश सरकारसँग प्रहरी नभएकाले चाँडो प्रहरी समायोजन जरुरी छ । अपराध नियन्त्रण र नागरिक सुरक्षाको प्रत्याभूति दिन संघीय र प्रदेश सरकारबीच स्पष्ट कार्यविभाजन र सहकार्य आवश्यक छ ।*



**राजकुमार लेखी**
मन्त्री, गृह, सञ्चार तथा कानून मन्त्रालय

*आम जनताको जीउ, धनको सुरक्षामा खटिएका प्रहरी प्रशासनको संरचना, उपकरण निकै कमजोर छ । छिमेकी देशमा बलिरहेको द्वन्द्व र असमझदारीले नेपालको सीमाक्षेत्रमा सुरक्षा चुनौती थपिँदै जाने अवस्थातर्फ सतर्क तथा सचेत रहनुपर्छ । प्रहरीको संरचना तथा युनिटको सबलीकरणमा विशेष ध्यान दिनु पर्नेछ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृहमन्त्री रमेश लेखकले सुशासन, विकास तथा समृद्धिका लागि शान्ति सुरक्षा पहिलो शर्त भएको बताएका छन् । मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा शुक्रबार मन्त्री लेखकले विभिन्न चुनौतीबीच सुरक्षा निकायबाट इमान्दार प्रयास भएको खण्डमा शान्तिसुरक्षा स्थापना गर्न कुनै कठिनाइ नहुने बताए । उनले लागु औषधको कारोबार, बिक्री वितरण, सेवन तथा भन्सार चोरी पैठारी नियन्त्रणमा ध्यान दिन निर्देशन दिए ।

गृहमन्त्री लेखकले दैनिक रुपमा सवारी दुर्घटनामा ७ र आत्महत्यामा १७ नेपालीको मृत्यु हुने गरेको बताउँदै नियन्त्रण एवम् रोकथामका विषयमा ध्यान दिन सुरक्षा निकायका प्रमुखलाई आग्रह गरे । उनले प्राकृतिक प्रकोपको जोखिममा पूरै नेपाल भएको बताउँदै प्राकृतिक विपत्ति आएका बेला आमजनताको पहिलो आशा तथा भरोसाको केन्द्रको रुपमा सुरक्षा निकाय नै भएकाले यी सबै विषय गम्भीररुपमा खोज, अनुसन्धान र मनन गर्न जरुरी रहेको बताए ।

गृहमन्त्री लेखकले मधेश प्रदेशको समान भूगोल, संस्कृति हुनुका साथै समस्या पनि समान नै भएकाले एकै प्रकारको सुरक्षा रणनीति अपनाएको खण्डमा सबैतिर लागू गरेर सुरक्षित बनाउन सकिने बताए । उनले मधेश प्रदेशअन्तर्गत नेपाल र भारतीय सीमा क्षेत्रमा हुने आपराधिक घटना तथा चोरी तस्करी कडाइका साथ रोक्न सुरक्षा निकायलाई निर्देशन दिए । मधेश प्रदेशका सबै जिल्ला भारतीय सीमासँग जोडिएकाले पनि यहाँ थप सतर्कता अपनाउन आवश्यक रहेको उनले बताए ।




मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले खुला सीमानाका कारण मधेशका युवामा लागुपदार्थको सेवन गर्ने प्रवृत्ति बढ्नुका साथै किसान कुखुराजन्य पदार्थ र माछामा आत्मनिर्भर भएका बेला भारतबाट हुने चोरी पैठारीका कारण नेपाली किसान मारमा परेको र यस्ता खाद्यपदार्थले मानव स्वास्थ्य पनि जोखिममा परेको बताए । उनले मधेश प्रदेशमा देखिएका स्वास्थ्य, शिक्षा, बजारको छाडापन तथा चोरी पैठारीमा प्रभावकारी नियन्त्रणका लागि मधेश प्रदेश सरकारसँग प्रहरी नभएकाले चाँडो भन्दा चाँडो प्रहरी समायोजन गरिदिनका लागि गृहमन्त्रीसँग आग्रह गरे ।

उनले भने, 'हाम्रा सुरक्षाकर्मी अझै पनि त्रिपाल र झोपडीमा बसेर सेवा दिइरहेका छन् । यो अवस्था संघीयताको मर्मविपरीत हो । प्रदेश सरकारलाई आफ्नो सुरक्षा संयन्त्र मजबुत बनाउन कानूनी र संरचनागत अधिकार हस्तान्तरण हुनुपर्छ ।' मुख्यमन्त्री सिंहले अपराध नियन्त्रण र नागरिक सुरक्षाको प्रत्याभूति दिन संघीय र प्रदेश सरकारबीच स्पष्ट कार्यविभाजन र सहकार्य आवश्यक रहेको बताए ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखीले आम जनताको जीउ, धनको सुरक्षामा खटिएका प्रहरी प्रशासनको संरचना, उपकरण निकै कमजोर अवस्थामा रहेको बताउँदै प्रदेश सरकारले आफ्नो क्षमताले भ्याएसम्मको सहयोग गरिरहेको बताए । उनले प्रदेशको सहयोगले मात्र पूरा हुने अवस्था नभएको बताउँदै संघ सरकारले प्रहरीको संरचना तथा युनिटको सबलीकरणमा विशेष ध्यान दिनु पर्ने विषयमा सुझाव पनि दिए । उनले छिमेकी देशमा बलिरहेको द्वन्द्व र असमझदारीले नेपालको सीमाक्षेत्रमा सुरक्षा चुनौती थपिँदै जाने अवस्थातर्फ सतर्क तथा सचेत रहन सुरक्षा निकायलाई आग्रह गरे ।

गृह मन्त्रालयका सचिव गोकर्णमणि दवाडीको अध्यक्षतामा भएको प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेल, नेपाली सेनाका रथी निर्मल थापा, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दिपक थापा, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख होतराज थापा सहितका ८ जिल्लाका सुरक्षा निकायका प्रमुखको सहभागिता थियो । सुरक्षा गोष्ठी सात प्रदेशमध्ये पाँच प्रदेशमा भइसकेको र अब बागमती प्रदेशमा हुने बताइएको छ । मधेशमा भएको गोष्ठी प्रदेश र संघीय सरकारबीच समन्वयात्मक सुरक्षा नीति निर्माण र कार्यान्वयनका लागि एक महत्वपूर्ण प्रयासको रुपमा हेरिएको छ ।

# युनुस छुट्दै सिआइबीले समात्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
नक्कली भारतीय नोट प्रकरणमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरिरहेका युनुस अन्सारीविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत अनुसन्धान हुने भएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले अन्सारीविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान अघि बढाएको हो ।



ललितपुरको नख्खुस्थित कारागारमा रहेका उनी ६ वर्षको कैद सजाय भुक्तान गरी आइतबार छुट्दै छन् । कैद सजाय पूरा गरी रिहा हुने भएपछि सिआइबीले अनुसन्धानका लागि उपस्थित गराइदिन कारागार व्यवस्थापन विभागलाई बुधबार पत्र पठाएको छ । पछिल्लो पटक पक्राउपछि अदालतले उनलाई ६ वर्ष कैद र ६० हजार रुपैयाँ जरिवाना र १ हजार ३ सय रुपैयाँ क्षतिपूर्तिको सजाय सुनाएपछि कारागार पठाइएका थिए । उनको कैदमुक्त हुने अवधि २०८२ जेठ १० सम्म छ ।

# सरकारको विकल्प खोजौँः साह



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले एयरपोर्टबाट भिजिट भिसाका नाममा भइरहेको मानव तस्करी सरकारकै संलग्नतामा भइरहेको बताएका छन् । काठमाडौँ सिंहदरबारस्थित आजपाको संसदीय दलको कार्यालयमा शुक्रबार पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष साहले यसको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्री केपी शर्मा ओलीले लिनुपर्ने बताए । भिजिट भिसाका नाममा मानव तस्करी खुलेयाम भइराख्दा समेत प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखक किन मौन बसेको भन्दै उनले नैतिकता प्रदर्शन गर्नुपर्ने बताए ।

'भिजिट भिसाका नाममा मानव तस्करी खुलेयाम भइरहेको छ । एयरपोर्टबाटै सरकारकै संलग्नता एवम् सेटिङमा भइरहेको छ । यसको सम्पूर्ण जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीले नै लिनुपर्छ,' साहले भने, 'प्रधानमन्त्रीजी मौनता साधनु र गृहमन्त्रीजी प्रतिक्रियाविहीन हुनु भनेको सरकारको प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन्छ ।'

नक्कली भुटानी शरणार्थी घटना नै बिर्साउने गरी एयरपोर्टबाटै भिजिट भिसाको नाममा भइरहेको मानव तस्करी घटनामा प्रधानमन्त्री ओली किन मौन बसेको भन्दै उनले प्रश्न उठाए । उनले भने, 'एयरपोर्टबाट खुलेयाम मानव तस्करीको विषय सार्वजनिक भइराख्दा प्रधानमन्त्री ओली बोल्नुपर्दैन ? के यसको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्दैन ? यो गम्भीर प्रश्न हो, सरकारले जवाफ दिनुपर्छ, अलिकति नैतिकता छ भने नैतिकता प्रदर्शन गर्नुपर्छ ।'

उनले भने, 'हाम्रै चेलीबेटी समेतलाई बेचेर लुट्ने सरकारको विकल्प खोज्नुपर्छ । भुटानी शरणार्थी घटनालाई बिर्साउने गरी भइरहेको एयरपोर्टको मानवतस्करीमा कांग्रेस र एमालेकै नेताको संलग्नता देखियो ।' पहिला पनि कांग्रेस–एमालेकै नेता प्रत्यक्ष संलग्न रहेको भुटानी शरणार्थी काण्ड सबैलाई जानकारी भएकै विषय भएको बताउदै उनले अहिले पनि नेपाली चेलिबेटी समेतलाई लुट्ने, मानव तस्करी गर्ने काम दुई तिहाइको शक्तिशाली सरकारले गर्नु दुःखद भएको बताए ।

# महानगरको कामकारबाहीमा १४१ उजुरी

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्साका १४ पालिकामध्ये सबैभन्दा धेरै वीरगंज महानगरका कामकारबाहीसम्बन्धी उजुरी परेका छन् । आयोगको हेटौँडा कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिनामा वीरगंज महानगरसम्बन्धी १ सय ४१ उजुरी परेका छन् । कार्यालयका प्रहरी नायव उपरीक्षक राजीव श्रेष्ठले पर्साका पालिकामध्ये सबैभन्दा धेरै उजुरी वीरगंज महानगरको परेको जानकारी दिए । 'चालु आवको १० महिनामा वीरगंज महानगरमा १ सय ४१ उजुरी परेका छन्,' उनले भने, 'सोही अवधिमा पटेर्वा सुगौली र जिराभवानी गाउँपालिकाको उजुरी भने शून्य रहेको छ ।'

कार्यालयका अनुसार चालु आवको वैशाख मसान्तसम्म छिपरमाई गाउँपालिकामा १ सय ४ उजुरी परेका छन् । यस्तै, बहुदरमाईमा २३, पोखरियामा २९, कालिकामाईमा छ, पकाहाँमैनपुरमा १७, जगरनाथपुरमा चार, धोबिनीमा १०, विन्दावासिनीमा आठ, पर्सागढीमा चार, सखुवाप्रसौनी र ठोरी गाउँपालिकाका तीन–तीनवटा उजुरी परेका छन् । चालु आवको १० महिनामा जिल्लाका स्थानीय तहसम्बन्धी ३ सय ५२ उजुरी परेका छन् जबकि गत आवभरिमा १ सय ७२ वटा उजुरी परेका थिए ।

कार्यालयका अनुसार चालु आवको १० महिनाको अवधिमा वीरगंज महानगरसम्बन्धी १ सय २ उजुरी फछ्र्यौट भएका छन् । यस्तै, छिपरमाइसम्बन्धित उजुरी पनि ५७ र बहुदरमाईसम्बन्धित नौवटा उजुरी फछ्र्यौट भएका छन् । प्रहरी नायब उपरीक्षक श्रेष्ठले स्थानीय तहमा सार्वजनिक खरिद प्रक्रियाका विषयमा धेरैजसो उजुरी आउने गरेको बताए । 'स्थानीय तहमा विशेष गरेर सार्वजनिक खरिद र निर्माण प्रक्रियासम्बन्धी उजुरी धेरै आउने गरेका छन्,' उनले भने, 'गलत इष्टिमेट तयार पार्ने, खरिद प्रक्रिया र कानुनको परिपालन नगर्ने समस्या छ । यस्तै, उपभोक्ता समितिले जिम्मा लिएका काम अर्का ठेकेदारमार्फत गराउने गलत प्रवृत्तिको पनि विकास भइरहेको छ । जसले धेरैजसो समस्या उत्पन्न भइरहेका छन् ।'

# महतो अमेरिका प्रस्थान

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
अमेरिकामा बसोबास गर्ने मधेशी समुदायको संस्था मधेशी एसोसिएसन इन अमेरिका (मां) को चौथो राष्ट्रिय सम्मेलनमा भाग लिन राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतो शैलकुमारी महतोसँगै शुक्रबार अमेरिका प्रस्थान गरेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पार्टीका नेता तथा शुभचिन्तकले उनलाई माला लगाएर अमेरिकाका लागि बिदाई गरे । 'मधेशीको गौरव, आफ्नै संस्कृति, आफ्नै पहिचान, आमाको अभियान, मधेशीहरूको समग्र उत्थान' नाराका साथ सम्मेलन मे २५ मा भर्जिनियाको मानसास शहरमा हुनलागेको हो ।

सम्मेलनमा राजेन्द्र महतो प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । सम्मेलनमा अमेरिकास्थित नेपाली दूतावासका कूटनीतिज्ञका साथै अमेरिकामा बसोबास गर्ने मधेशीको ठूलो संख्या सहभागी हुनेछ ।

अमेरिकास्थित मधेशी संघकी अध्यक्ष संगीता रौनियारका अनुसार चौथो राष्ट्रिय सम्मेलन ऐतिहासिक हुनेछ । अमेरिकामा बस्ने मधेशी दाजुभाइ दिदीबहिनी धेरै उत्साहित छन् ।

संस्थाका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक मनोज सिंह भन्छन्, 'अमेरिकामा रहेका मधेशीले सभ्यता, संस्कृति र आत्मसम्मान बिर्सेका छैनौँ, सम्मेलन मधेशी एकताको प्रतीक बन्नेछ, जसको प्रभाव नेपालमा पनि पर्नेछ ।' राजेन्द्र महतो दश दिन अमेरिका भ्रमणमा हुनेछन् र त्यसपछि चार दिन कतारमा बस्नेछन् । त्यहाँ मधेशी समुदायलाई पनि भेट्ने कार्यक्रम छ ।

# इपिएसबारे वित्तीय साक्षरता र मनोसामाजिक परामर्श



**मधेशदृष्टि**
**हेटौँडा ।**
दक्षिण कोरियाको इम्प्लोइमेन्ट पर्मिट सिस्टम (एपिएस) अन्तर्गत कार्यरत नेपाली श्रमिकका परिवारलाई लक्षित गरी वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रम हुने भएको छ । शुक्रबार आयोजित पत्रकार सम्मेलनमार्फत कार्यक्रम घोषणा गरिएको हो ।

कार्यक्रम जेठ १६ गते बिहान १०:३० बजे, हेटौँडा–१० स्थित रोयल पार्टी प्यालेसमा गरिनेछ । कार्यक्रममा सहभागी श्रमिकका परिवार सदस्यलाई वित्तीय व्यवस्थापन, मानसिक स्वास्थ्य र सामाजिक सशक्तिकरणका विषयमा जानकारी तथा परामर्श दिइनेछ ।

पत्रकार सम्मेलन अङ्कुर नेपाल हेटौँडा सम्पर्क समितिका अध्यक्ष किशोर डंगोलको अध्यक्षतामा भएको हो ।

उनले भने, 'पहिलोपटक हेटौँडामा यस्तो प्रकृतिको कार्यक्रम गर्दैछौँ, जुन एपिएस श्रमिकका परिवारको हितमा केन्द्रित छ, कार्यक्रम सफल बनाउन सञ्चारकर्मीको सहयोग, समर्थन र प्रचार–प्रसार अत्यन्तै महत्वपूर्ण हुनेछ ।'

समितिका सचिव माधव सापकोटाले कार्यक्रममा सहभागी हुनेको दायरा स्पष्ट पार्दै भने, 'यो कार्यक्रम कोरियामा कार्यरत श्रमिकका आमाबुबा, जीवनसाथी र नजिकका परिवारका सदस्यका लागि लक्षित गरिएको हो । गाउँ–शहरका कुनाकुनासम्म जानकारी पुर्याउने हाम्रो प्रयास छ ।'

# प्रमुख १० अपराधमा बैङ्किङ कसुर पहिलो

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रहरी प्रधान कार्यालयले शुक्रबार गरेको पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार प्रहरीले छुट्याएको मुख्य १० अपराधमा बैङ्किङ कसुर पहिलो स्थानमा परेको छ । त्यसपछि सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र सुविधासम्बन्धी अपराध, आत्महत्या, लागुऔषध, चोरी, जबर्जस्ती करणी, ठगी, सवारी ज्यान, ज्यान मार्ने उद्योग र बहुविवाह छन् ।

बैङ्किङ कसुरका मुद्दा मात्रै ११ हजार ४८ दर्ता रहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । उनका अनुसार विवरण पछिल्लो १० महिनाका हुन् । त्यसपछि सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र सुविधासम्बन्धी कसुरमा छ हजार ८ सय ८४ वटा मुद्दा दर्ता भएका छन् । लागुऔषधका चार हजार ४१, चोरीका दुई हजार ९ सय ४०, जबर्जस्ती करणीका एक हजार ८ सय २८, ठगीका एक हजार ७ सय ५०, सवारी ज्यानसम्बन्धी, एक हजार ५ सय ५७, ज्यान मार्ने उद्योगमा ८ सय ९४ र बहुविवाहसम्बन्धी ४ सय ५४ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

प्रहरीले आज सार्वजनिक गरेको विवरणमा कुल ४६ हजार ८ सय ८९ मुद्दा दर्ता भएकामा प्रमुख १० अपराधका मात्रै ७८ दशमलव ५१ प्रतिशत रहेको जनाएको छ । प्रवक्ता थापाले तथ्याङ्क विश्लेषण गर्दा औसतमा दैनिक अपराधसम्बन्धी १ सय ५६ वटा मुद्दा दर्ता हुने गरेको बताए । उनले जनचेतना, प्रहरीको सक्रियता तथा प्रहरीप्रतिको विश्वासमा अपराधको उजुरी दिने क्रम बढेको तथ्याङ्कले देखाएको दाबी गरे ।

# कानुनविपरीत वैदेशिक रोजगारीमा पठाउनेलाई कारबाही

**काठमाडौँ ।**
वैदेशिक रोजगार विभागले कुनै पनि व्यक्ति वा संस्थाले गैरकानुनी तवरले वैदेशिक रोजगारीमा पठाउने र पठाउन सहजीकरण गर्ने कार्य नगर्न सूसुचित गरेको छ । विभागले सूचना जारी गर्दै कानुनविपरीत कुनै व्यक्ति वा संस्थाले वैदेशिक रोजगारमा पठाउन वा पठाउनका लागि प्रक्रिया अघि बढाउनेलाई कारबाही गर्ने चेतावनी दिएको हो ।

विभागले उजुरीका आधारमा टोली खटाई नियमित एवं आकस्मिक अनुगमन गरिने भएकाले उजुरीका लागि सर्वसाधारणलाई आग्रह समेत गरेको छ । व्यक्ति, शैक्षिक परामर्श केन्द्र, ट्राभल एजेन्सी, तालिम प्रदायक संस्था, भाषा प्रशिक्षण गराउने संस्थाहरुले विदेश पठाइदिने भनी सूचना जारी गर्ने, राहदानी र अन्य कागजात सङ्कलन गर्ने, नक्कली कागजात तयार गरी विदेश पठाउने कार्यमा संलग्न भएको जनगुनासो प्राप्त भएको विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले बताए ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वा कुनै पनि नेपाली कामदारलाई श्रमिकको रुपमा विदेश पठाउन वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागमा दर्ता भएको संस्था हुनुपर्ने कानुनी प्रावधान छ । विभागले तालिम प्रदायक संस्थाहरुलाई वैदेशिक रोजगारमा जाने कामदारको लागि मापदण्ड पूरा गरी तालिम सञ्चालन गर्न सुसूचित गराएको छ । अभिमुखीकरण तालिम सञ्चालन गर्दा सबै प्रशिक्षार्थीलाई अनिवार्य उपस्थित र तालिमका लागि आवश्यक न्यूनतम भौतिक एवं अन्य स्रोतसाधनसम्बन्धी मापदण्ड पूरा नगर्ने संस्थालाई कारबाही गर्ने चेतावनी दिएको हो ।

मापदण्ड पूरा नगरी तालिम सञ्चालन भइरहँदा वैदेशिक रोजगारीमा जाने कामदारले पर्याप्त मात्रामा सुसूचित हुन नसकेको विभागले जनाएको छ । 'सुरक्षित र मर्यादित रुपमा वैदेशिक रोजगारीको व्यवस्थापन नभएको भनी यस विभागमा जनगुनासो आइरहेको हुँदा त्यस्ता संस्थाहरुले वैदेशिक रोजगारमा जाने कामदारको लागि अभिमुखीकरण तालिम सञ्चालन गर्दा सबै मापदण्ड पूरा गर्नपर्नेछ,' विभागद्वारा जारी सूचनामा उल्लेख छ ।

# यार्सा टिप्न शिक्षक–विद्यार्थी हिमालतिर, विद्यालय बन्द

**–नरेन्द्रसिह कार्की**
**दार्चुला ।**
यहाँको अपी हिमाल गाउँपालिकाका शिक्षक–विद्यार्थी लेकतिर गएपछि विद्यालय बन्द गरिएका छन् । यार्सागुम्बा सङ्कलनका लागि गाउँपालिका क्षेत्रका शिक्षक, अभिभावक र विद्यार्थी लेक गएपछि विद्यालय बन्द गरिएका हुन् । गाउँपालिकाका शिक्षा शाखा अधिकृत वीरेन्द्रसिँह साउदले यार्सा सङ्कलनको 'सिजन' शुरु भएकाले जेठ ४ गतेदेखि पालिकाभरिका विद्यालय २० दिनका लागि बन्द गरिएको जानकारी दिनुभयो । बर्खे बिदाबाट मिलान गर्ने गरी हाल विद्यालय बन्द गरिएका र यही जेठ २४ गते खुला गरिने उनले बताए ।



जडीबुटी सङ्कलन गरिने भएकाले यहाँ हरेक वर्ष यही समयमा अधिकांश विद्यालय बन्द हुने गरेका छन् । गाउँपालिकाभरिका २४ सामुदायिक विद्यालयमा अध्यनरत अधिकांश विद्यार्थी यार्सालगायत अन्य जडीबुटी सङ्कलनका लागि अभिभावकसँगै लेकतिर जाने गरेका छन् । अपी हिमाल गाउँपालिका–२ का स्थानीय गगनसिँह लोथ्यालले यार्सागुम्बा सङ्कलन गरेर केटाकेटी पढाउन र अन्य आवश्यकता पूर्तिका लागि आर्थिक जोहो गर्न हरेक वर्ष लेक जानुपर्ने बाध्यता रहेको बताउँछन् । उनी भन्छन्, 'वर्षभरिको कमाई यही यार्सागुम्बा हो । बालबालिकालाई लिएरै जानुपर्ने अवस्था छ, नभए के खानु, कसरी पढाइ खर्च जुटाउनु !' अन्न उत्पादन कम हुने भएकाले स्थानीयले जेठ–असारमा सङ्कलन गरिएको जडीबुटी बेचेर वर्षभरिको खर्च चलाउँदै आएका छन् । त्यसका लागि कतिपय घरमा ताल्चा लगाएर लेकतिर जाने गरेका छन् । यहाँ वर्षौंदेखि यसरी नै यार्सागुम्बा खोज्ने गरिन्छ । खेतबाट उत्पादन हुने अन्नबाली तीन महिना पनि राम्रोसँग खान नपुग्ने भएकाले आफूहरूले यस्तो काम गर्नु परेको लोथ्यालको भनाइ छ ।

गाउँपालिका–३ का कमलसिँह धामी पनि वर्षभरिका अत्यावश्यक आवश्यकता पूर्तिका लागि यार्साको जोहो गर्नु परिरहेको बताउँछन् । 'अधिकांश ठाउँ भिरालो पाखो जमिन हो । दुई महिना यार्सागुम्बा सङ्कलन गरेर वर्षभरिको जोहो चलाउन ठिक्क हुन्छ । हामी अभिभावकभन्दा बालबालिकाले यार्सागुम्बा बढी भेट्टाउँछन्,' उनले भने, 'यार्सा खोज्न निकै कष्टकर भए पनि जीविका चलाउनका लागि यसैको भर पर्नुपर्छ,' उनले भने । यार्सागुम्बा सङ्कलनकै लागि काठमाडौँ, धनगढी, दार्चुला सदरमुकाम खलङ्गामा अध्ययन गर्न गएका विद्यार्थीसमेत पाटन क्षेत्रमा पुग्ने गरेको छन् । काठमाडौँमा अध्ययन गर्दै आएका जय धामीले भन्नुभयो, 'यार्सागुम्बा सङ्कलनका लागि वैशाख अन्तिमसाता अघि नै गाउँ पुगेको हो । एक महिना यहाँ बस्छु, अनि काठमाडौँ फर्किने !' उहाँ दैनिक २० देखि ३० वटा यार्सागुम्बा भेट्टाउने गरेको सुनाए । 'यार्सागुम्बा भेटिएको वर्ष त आम्दानी राम्रै हुन्छ । सधैँ धेरै भेटिन्छ भन्ने पनि हुँदैन । हिउँ परेका बेला चिसो र हिउँ पहिरोको त्रास हुन्छ । यो वर्ष गत वर्षको भन्दा अलि राम्रो यार्सागुम्बा छ, राम्रै आम्दानी हुने अपेक्षा छ,' धामीको भनाइ छ ।

यहाँका स्थानीय वैशाख अन्तिमसाता नै यार्सागुम्बा सङ्कलनका लागि पाटन गइसकेका छन् । छोटो समयमा राम्रो आम्दानी हुने मुख्य स्रोत भएकाले पनि यहाँका हरेक घरघरबाट पाटन जाने गरिएको छ । दार्चुला बहुमुखी क्याम्पस खलङ्गामा अध्ययरत नौगाड गाउँपालिकाका खडकसिँह धामी जेठ पहिलो साता यार्सागुम्बा खोज्न अपी पुगिसकेका छन् । 'एक महिना यार्सागुम्बा खोजेर कलेजको पढाइलाई निरन्तरता दिन्छु,' उनले भने, 'हाल पढाइ मात्रै भनेर हुँदैन, पैसा पनि कमाउनु प¥यो । वर्षमा दुई बाली मात्र हुने अपी हिमालका खेतबाट उत्पादित अन्नले वर्षभरि पुग्दैन । घरमा जागिर नहुनेका लागि यही विकल्प छ ।'

आम्दानी मात्रै होइन यहाँ जोखिम पनि उत्तिकै हुन्छ । पटकपटक असिना पानी आउने, हिमपहिरो खस्ने डरका बीच यार्सागुम्बा सङ्कलन गर्नु परेको सङ्कलक मानसिँह धामी बताउँछन् । उनका अनुसार घरको उत्पादनले खान नपुगेपछि लालाबालासहित अधिकांश स्थानीय जोखिम मोलेर पाटन जान्छन् । १२ देखि ५० वर्षसम्मका सबै मानिसहरू पाटनमा जाने गरेका छन् । यार्सा सिजन सुरु भएसँगै जिल्लाको मार्मा, नौगाड, व्याँस गाउँपालिकाका बासिन्दा पनि लेक उक्लिएपछि यहाँका कतिपय घरमा ताला लागेका छन् । जिल्लामा सबैभन्दा बढी अपी हिमालको लोलु, रिङ्देपानी, सतगङ्गा कालीढुङ्गा, काटै, घट्टेखोला, धरमघर, क्षति, सातगङ्गा, चाइमटेलालगायत क्षेत्रमा सयौँ सङ्कलकहरू पुगेका छन् । यस्तै, व्याँस गाउँपालिकाको अपिफेद, दोपाखे, दुधिवनलगायतका ठाउँमा यार्सागुम्बा सङ्कलन हुने गर्छ ।

जिल्लामा अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले यार्सागुम्बा सङ्कलनका लागि हरेक वर्ष अनुमतिपत्र जारी गर्ने गर्छ, तर सङ्कलकहरू लेक पुगिसक्दा पनि सो कार्यालयबाट हालसम्म करिब ७ सय जतिले मात्रै अनुमति लिएका छन् । कार्यालयले जिल्लाका १० वटा ठाउँबाट सङ्कलन अनुमतिपत्र जारी गरिरहेको कार्यालय प्रमुख संरक्षण अधिकृत विनयकुमार झाले बताए । सबैले अनिवार्य रूपमा परिचयपत्र लिएर मात्रै सङ्कलन गर्नुपर्ने कानुनी प्रावधान छ तर त्यसको पूर्ण पालना भएको देखिँदैन । जिल्लाबाट हरेक वर्ष पाँचदेखि सात क्विन्टलसम्म यार्सागुम्बा निकासी हुने गरेको संरक्षण क्षेत्र कार्याले बताउने गरेको छ ।

सुदूरपश्चिम प्र देश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, बाजुरा**

**मौजुदा सूचीमा सूचीकृत हुनेबारेको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०९

यस कार्यालयद्वारा चालु आव २०८१/८२ मा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम सवारी साधनको उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताको बीच प्र तिस्पर्धा गराउने (क्याटलिशपि) विधिबाट सवारी साधन (पिकअप १) खरिद गर्नु पर्ने भएकोले सो प्र योजनको लागि मौजुदा सूची तयार गर्नु पर्ने हुदा आपूर्ति गर्न इच्छु क उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताले कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, letter of Authorization र आव २०८०/८१ को करचुक्ता प्रमाणपत्रलगायतका अन्य आवश्यक कागजातको प्रमाणित प्रतिलिपि संलग्न राखी मौजुदा सूचीमा सूचीकृत हुन यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**विगत १० वर्षदेखि शून्य मौज्दात रही कारोवार नभएका निष्क्रिय खाताका खातावालहरूलाई अत्यन्त जरूरी सूचना**

**सूचना प्रकाशन मिति: २०८२/०२/१०**

यस बैंकमा विगत १० वर्षदेखि कारोबार नभएका र शून्य मौज्दात भएका निष्क्रिय खाताहरुको सूची बैंकको वेबसाइट www.corporatebank.com.np मा राखिएको छ । यस्ता खातावालहरुलाई **सूचना प्रकाशित मितिले ३५ दिन भित्र** आफ्नो खाता संचालनमा ल्याउन नजिकको शाखा कार्यालयमा सम्पर्क गर्न विनम्र अनुरोध गरिएको छ । ३५ दिनभित्र पनि सुचारु नभएका खाता **नेपाल राष्ट्र बैंकको निर्देशिका (ई. प्रा निर्देशन नं. १६/०८१ को ३(३))** अनुसार बन्द गरिनेछ । सम्बन्धित खातावालहरुलाई आफ्नो खाता रहेको शाखा, नजिकको शाखा वा केन्द्रीय कार्यालयमा तुरुन्त सम्पर्क गर्न अनुरोध गरिएकोछ । यदि तपाईंको खाता यस प्रकारको निष्क्रिय खातामा पर्दछ भने, २०८२/०२/१० मितिबाट ३५ दिनभित्र (अर्थात् २०८२/०३/१३ भित्र) कुनै कारबाही नभएमा, ती खाताहरू नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार स्थायी रूपमा बन्द गरिनेछ ।

*** यदि तपाईं वा तपाईंले चिनेको कोही यस्तो खातावाला हुनुहुन्छ भने, तुरुन्त बैंकमा सम्पर्क गर्नु उचित हुनेछ ।**
*** बैंकको उद्देश्य भनेको सम्बन्धित खातावालहरूलाई समयमै सूचित गरेर उनीहरूको खाता बन्द हुनुबाट जोगाउनु हो।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यालयः
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

**माइग्रेसन हराएको सूचना**

मिति २०८२/०२/०३ गते विरगंज आउने क्रममा मेरो निम्न व्यहोरा भएको Bachelor को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं.९८४०३१३७८३ मा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।
.........................................
Name: Priya Jha
Regd:No. 2016-2-14-0065
Exam Roll No.: 17140064
Completion Year : JULY 2021
Address:Basatpur-05,Rautahat

# मकवानपुरगढी



वीरेन्द्र रमण

मिथिला क्षेत्रमा निकै पुरानो राज्य व्यवस्था सञ्चालनमा थियो । जो सेनकालीन राज्य थियो । यसको राजधानी हेटौडासँग टाँसिएको मकवानगढीमा थियो । नेपालमा शाहवंशका रुपमा शासन व्यवस्थाको जग हाल्ने अर्थात आधुनिक नेपालका निर्माण पृथ्वी नारायण शाहको ससुराली । त्यो समय धेरैजसो समृद्ध राज्यव्यवस्था रहेको राज्यसँग अर्को राज्यले नाता सम्बन्ध गाँस्ने गरेका थुप्रै उदाहरणसमेत रहेको छ । जसले आपत आउनेबित्तिकै एक अर्कालाई सहयोगीका रुपमा खडा हुने परिपाटी देखिएको थियो । सेन र मकवानपुर नाता सम्बन्ध गाँसिए पनि दुवै बीच कलह यो समृद्ध राज्यव्यवस्थाको अन्त्यको कहानीमा समेत भूमिका खेलेको छ । यहाँ पनि मिथिला भूभागको निकै पुरानो शासन व्यवस्था अन्त्य भएको थियो । सेना वंशका राजा मुकन्द सेनाको नाममा मकवानपुर राखिएको र तिनै मकवानपुर अहिलेको प्रादेशिक संरचना अन्तर्गत बागमती प्रदेशको राजधानीसमेत छ । मकवानपुरका सेनवंश निकै धार्मिक स्वभावको रहेका कारण उनले जनकपुरधामको जानकी मन्दिर र राम मन्दिरमा धेरै जग्गा कुशविर्ता दिएको इतिहास रहेको छ । यसको अहिले पनि व्यवस्थित अभिलेख पाइन्छ । तिनै सेना वंशको राजधानीका रुपमा रहेको मकवानपुर जिल्लाको सदरमुकाम हेटौँडा अहिले सुन्दर शहरका रुपमा विकास भएको छ । म यो शहर अनेकौँपटक आएको छु ।

कुनै समय पत्रपत्रिकाको लोक कल्याणकारी विज्ञापनको भुक्तानी दिने साथीसँग आएको थिएँ भने कहिले काठमाडौँबाट यो बाटो प्रयोग गरेका थियौँ । पहिलो संविधान सभाको निर्वाचनमा पर्यवेक्षकका रुपमा तालिममा समेत सहभागी हुन करिब सात दिन यहाँ बसेँ तर कहिल्यै पनि सेनवंशको राजधानी रहेको मकवानपुर गढी पुग्न सकेको थिइनँ । यसको कारण कार्यव्यतस्ता होला वा सहज वातावरण अभाव । तर यसपटक भने जनकनन्दनी एफएमका सञ्चालक अर्जुन मण्डलको निजी कार्यको सिलसिलामा बाराको सिमरा पुगेर काम सक्दै करिब ४ बजेपछि राति कहाँ बस्ने अलमलमा परेपछि हेटौँडामा बसौँ र बिहान मकवानपुर गढी हेर्न जाउँ भन्ने सल्लाह भयो । मंगलबार साँझ हामी हेटौँडाको एउटा होटलमा रात बसेसँगै मधेशदृष्टिका सम्पादक रामकुमार एलनलाई आफूहरु हेटौँडामा आएको र बिहान मकवानपुर गढी जाने योजना सुनायौँ र सँगै जाने कुरासमेत भयो । उनले बिहान होटेलमै आउने र त्यहीँबाट जाने भनेर सल्लाह भयो । बुधबार बिहान हामी होटलमा आफ्ना सामान र चेक आउट गर्न रिसेप्सनमा नआउँदै एलनजी आउनु भयो । गाडीमा सामान राख्दै हेटौँडाको बुद्ध चोक हुँदै कान्तिपथको बाटो समात्दै हिँडियो मकवानपुर गढी ।

एउटा उत्साह र इतिहास जान्ने मनमा कौतुहलता बाटोभरि नै मिडिया र सञ्चारको अवस्थासहितको छलफल हुँदै करिब आध घण्टापछि पुगियो मकवानपुर गढीको जाने तल्लो बाटोमा गाडी लगाएर केही खाजा खाउँ भन्ने सल्लाह हुँदा झोलवाला तरकारी अर्डर गरेँ । चिया खाएँ भने एलनजी र अर्जुनजीले आलुचना र चिया खानु भयो । हामीले गाडी तलै छाडेर माथिल्लो डाँडातर्फ लाग्यौँ । मकवानपुर गढी निकै माथि रहेको र चारैतिर सुन्दर तथा प्राकृतिक मनोरम दृश्यले भरिएको थियो । सुन्दर, शान्त र विशाल । म र अर्जुन समतल मधेशको मान्छे ठाडो चढ्न अलि समस्या भए पनि ठाउँठाउँमा बस्दै केही समयमा पुग्यौँ । त्यो ठाउँ जहाँ निकै लामो समयसम्म सेन वंशले आफ्नो राज्यसत्ता सञ्चालन गरेका थिए । अर्थात् पृथ्वीनारायण शाहको ससुराली र सेनकालीन मिथिलाको राजधानी मकवानपुर गढी ।







मकवानपुरगढी दरबार हेटौँडादेखि १६ किलोमिटर पूर्व कान्तिपुर राज्यपथ सडकसँगै समुन्द्री सतहदेखि १०१७ मिटरको पहाडी उचाइको थुम्कोमा अवस्थित छ । सेनवंशीय राजाले १३ औँ शताब्दीको शुरुतिर यहाँ शासन गरेको इतिहास पाइन्छ । सेन वंशका प्रतापी राजा मणिमुकुन्द सेनकै नामबाट मुकुन्दपुर, माकन्दपुर, मुकुनपुरको अपभ्रंश हुँदै मकवानपुर नामाकरण भएको हो भन्ने जनविश्वास छ । सेनवंशका मुकुन्द सेनका छोरा लोहाङ सेनदेखि अन्तिम राजा दिगबन्धन सेनसम्मका राजाहरूले करीब ३०० वर्षसम्म मकवानपुर गढीलाई राजधानी बनाई शासन गरेका थिए । १३ औँ शताब्दी भन्दा अगाडि सेन वंशले राजकाज चलाउन भौतिक संरचना बनाएका थिए । यो नेपालको सबैभन्दा ठूलो गढी हो ।



गढीमा छिर्नैबित्तिकै सेतो रंगको एक दन्ते हात्तीको प्रतीक बनाइएको छ भने केही पर पृथ्वीनारायण शाहको पूर्णकदको शालिक पनि । गढी छिर्न भव्य गेट रहेको छ भने चारैतिर गढीको पर्खाल छेउमा पानी जम्मम हुने गरि नदी आकार जस्तो सुरक्षा किल्ला निर्माण गरिएको छ । गढीमा दरबारदेखि सेनकालीन अभिलेख रहेको एउटा ढुंगा छ । जो समयकालमा अभिलेख समेटिएको छ भने गढीमा रहेको प्राचीन सेनाकालीन वंशगोपाल भगवान र सिद्धेश्वर महादेवको मन्दिर छ । वंशगोपाल भगवानलाई जंजीरले बाँधिएको छ । भनिन्छ, भगवान बाहिर विचरणका लागि जाने आउँदा शरीरमा फोहोर लागेका कारण उहाँ अन्तै कतै नजाउन् भन्ने उद्देश्यले जंजीरले बाँधिएर राखिएको हो ।

सेनवंशको पहिलो राजा तेह्रौँ शताब्दीतिर मुकुन्द सेनलाई मानिएको छ भने पाल्पा राज्य स्थापना गर्ने पहिलो राजा रुद्र सेनलाई मानिएको छ । विसं १४९३ सालदेखि १४१६ सालसम्म रुद्र सेनकै राज्यकाल थियो । रुद्र सेनका पिताको नाम चन्द्र सेन थियो । चन्द्र सेनलाई चन्द्रकतु पनि भन्ने गरिन्थ्यो । विसं २०१८ सालपछि नेपाललाई ७५ जिल्लामा विभाजन गर्दा सप्तरी जिल्लाको उत्तरपूर्व भागको पूर्व–पश्चिम राजमार्गबाट उत्तरतर्फ धर्मपुर भन्ने गाउँ, जहाँबाट ५ किलो मिटर उत्तरतर्फको चुरिया पहाडी श्रृंखलामा स्थापना गरिएको चन्द्रभागा भगवती देवी स्थान आज पनि अवस्थित छ । यो स्थान मुकुन्द सेन द्वितीयका बाजे चन्द्र सेनका पिताले स्थापना गरेका थिए र सेनहरू यहीँबाट पाल्पातर्फ गएका थिए भन्ने प्रमाण पाइन्छ ।

रुद्र सेनले राज्य विस्तार गर्ने क्रममा पाल्पासम्म आफ्नो राज्य विस्तार गरेका थिए । पाल्पामा रुद्रपुर नामको शहर बसालेर तराई जाने बाटोमा एक गढी किल्ला निर्माण गराएका थिए । माडीमा रुद्रेश्वर महादेवको मन्दिर निर्माण गराए । जहाँ एक शिलापत्रमा राखिएको थियो । जुन शिलापत्रमा रुद्रमही भनी लेखिएको छ । रुद्र सेनले प्युठानकी राजकुमारीसँग विवाह गरेर पश्चिमतर्फ आफ्नो अवस्था मजबुत बनाएका थिए । रुद्र सेनले पाल्पा राजधानी बनाएको प्रमाण पश्चिमी पाल्पा सरदेवाका नेपाल ब्राह्मणलाई आफ्नो आधिकारिक साक्षी राखेर भूमिदान दिइएको कुराबाट लिन सकिन्छ । रुद्र सेनपछि उनका छोरा मुकुन्द सेन द्वितीय पाल्पाका राजा भए । पाल्पाको इतिहास लेख्नेले मुकुन्द सेन प्रथम भनिएको छ । तर प्रथम सेन सप्तरी सुनसरी क्षेत्रमा थिए, बाह्रौँ, तेह्रौँ शताब्दीमै हुँदा दोश्रो नै भन्न पर्दछ । आफ्नो कालमा उनीहरु पाल्पा तनहुँ र मकवानपुरसहितका ठाउँमा राजधानी बनाएर शासन चलाए ।





विसं. १७९५ तिर पृथ्वीनारायण शाहको विवाह हेमकर्ण सेनकी छोरी ईन्द्रकुमारीसँग यसै दरबारमा भएको थियो । उनका जेठान दिगबन्धन सेन थिए । पृथ्वीनारायण शाह र दिगबन्धन सेनबीच ठाकठुक परेपछि दिगबन्धनले उल्टो सलामी दिएका थिए । पृथ्वीनारायण शाहको विवाह एक राजनीतिक योजना थियो तर जेठानसँग विवाद परेपछि उनले काठमाडौँका मल्ल राजाहरूलाई कमजोर पार्न मकवानपुरमाथि जित हासिल गर्नु थियो । सेन वंशमा धेरै सन्तान भएकाले किचलो बढ्दै जाँदा राज्य कमजोर हुँदै गयो र पृथ्वीनारायण शाहले मकवानपुरमा विजय प्राप्त गरे ।

करिब १,१०० वर्ष लामो इतिहास बोकेको भए पनि सत्ताच्युत हुनुपरेका कारण कतिपय इतिहास गर्भमै लुकेका छन् । तर अहिले पनि यस ठाउँको विकास जुन रुपमा हुनुपर्ने हो त्यसअनुसारको हुन नसकेको कतिपय व्यापारी र स्थानीयको कथन रहेको सुनेँ । खास गरेर दरबारमा हरेक ठाउँको विषयमा विस्तारले लेखिएको सूचनाको समेत अभाव रहेका कारण त्यहाँ आउने पर्यटकहरु आफैँ आउने गरेको र अवलोकन गरेर जाने गरेका छन् । यस ठाउँको इतिहास बताउनसमेत कोही नभएको पाइन्छ । भनिन्छ, पृथ्वी नारायण शाह त्यहा आउँदा द्वारको सुरक्षामा खटिएका सैनिकले जुत्ता लगाएर सलाम गरेपछि आक्रोसित राजाले दुवै जनालाई ढोकामा नै काटिदिए । त्यस ठाउँमा अहिले पनि पुजा हुने गरेको छ । दुवै जनाको साटो पत्थरको आकार मानेर पूजा गर्ने गरिएको छ । अर्कातर्फ शाह वंशको राजधानी गोर्खा र मकवानपुरबीचको दुश्मनीको कारण राज्यव्यवस्था ढलेका कारण अहिलेसम्म पनि मकवानपुर गोर्खाबीचमा विहेबारी नै हुँदैन । अर्कातर्फ मकवानपुरमा गोर्खा चल्ने सिधा बस पनि छैन । यहाँ रोचक जानकारीसमेत पाएपछि मन हर्षित भयो । अहिले तीन तहकै सरकार छन् । यस स्थलको विषयमा जानकारीमुलक पुस्तक र ब्रोसरसमेत व्यवस्था गढीको गेटमै व्यवस्था गरिदिएको खण्डमा आउने पर्यटकलाई गढीको इतिहास बुझ्न सजिलो हुनेथियो भने झनै पर्यटकीय गतिनिविधिसमेत बढ्ने थियो । करिब ३०० सय वर्षसम्म शासन व्यवस्था चलेको मकवानपुरको इतिहासलाई अवलोकन र अनुभवलाई आफैँमा समेटन पाएकामा हर्षित थियौँ । वास्तवमा हामीले यस्तो इतिहास अवलोकन गरेर ज्ञान नै बढायौँ । केही नयाँ कुरा सिक्यौँ । शताब्दीऔँ पुराना द्वन्द्वको घाउ कसरी किला बनेर बस्दो रहेछ, अहिलेसम्म मकवानपुरेहरु गोरखामा विवाहमा रुचि राख्दैनन् । मन्दिरमै पनि पुजारीले भने, ‘यदाकदा आक्कलझुक्कल होलान् तर सबैतिर जन्ती जाने भन्छौँ, गोरखा जन्ती जाने भनेको सुनिएको छैन, जन्ती गइएको छैन ।’ बाइसी चौबीसी राज्य एकीकरणमा पनि यस्ता कैयौँ द्वन्द्वको घाउ कोट्याउने विषयहरु छन् । जुन इतिहासका गर्तमा हराउँदैछन् । नयाँपुस्तालाई हामीले पढाउन जरुरी छ । यसका लागि स्थानीय तहलाई स्थानीय पाठ्यक्रमको अधिकार पनि छ । तर स्थानीय तह कसरी कर उठाउने र ढुंगा गिटी बेच्ने भन्नेमै सरिक भएकाले यस्ता समाजका पुस्तान्तरण सेतू हुने विषय पाठ्यक्रम बनाउन सकिएको छैन । विस्तारै इतिहास जान्नेहरु अस्ताउँदै जाने भएकाले इतिहास पनि मेटिँदै जाने विषयमा हामी घोत्लिन सकेका छैनौँ ।

# पर्यटकको पर्खाइमा तीन शताब्दी पुरानो 'कुञ्छाल'



**अञ्जली थापा**

तपाईंलाई अचम्म लाग्न सक्छ, सङ्घीय राजधानी काठमाडौँबाट मात्र एक घण्टाको मात्र दूरीमा रहेको रमणीय 'कुञ्छाल' गाउँमा तीन सय वर्ष पुराना घरमा बास बस्नमात्र होइन, तीन सय वर्ष अगाडि बनेका ढुङ्गेधाराको पानी पिउन पनि पाइन्छ । मकवानपुर जिल्ला थाहा नगरपालिकाभित्रका पुरानो गाउँ भए पनि झट्ट हेर्दा युरोपका स्वीटजरल्याण्ड र इटलीतिर देखिने गाउँभन्दा कम देखिँदैनन् । हरियालीबीच यहाँको वस्ती अत्यन्तै सुन्दर छ । बुट्टेदार झ्याल र रातो टायलका छानो भएका पुराना घर टाढाबाट रातास्मे भएकाले यस गाउँलाई टाढैबाट देख्न सकिन्छ।

नेपालको ऐतिहासिक, प्राचीन तथा सांस्कृतिक महत्त्व बोकेको यो बस्तीमा सामुदायिक घरबास (होमस्टे) सञ्चालनमा आएको छभने यतिबेला गाउँलेहरू पर्यटकको पर्खाइमा बसिरहेका छन् । थाहा नगरपालिकाका अनुसार ऐतिहासिक गोपालीहरूको बसोबास रहेको कुञ्छाल गाउँसहित नेपालका तीन उत्कृष्ट पर्यटकीय गन्तव्य घोषणा भइसकेको छ।

नगरपालिकाको तथ्याङ्कानुसार ३८औं विश्व पर्यटन दिवसका अवसरमा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले पर्यटकीय गाउँ घोषणा गरेको हो। भिटोफले हरेक वर्ष तीन गाउँलाई पर्यटकीय गाउँका रूपमा घोषणा गर्ने र प्रवर्द्धनदेखि प्याकेज बनाउनेसम्मका काम गर्दै आएको बताइएको छ।

'कुञ्छाल' गाउँलाई त्यहाँ उपलब्ध शिलालेख र ताम्रपत्रहरूका आधारमा तीन सय वर्ष पुरानो मानिए पनि स्थानीयहरूका अनुसार सय होइन होइन, हजार वर्षको प्राचीन इतिहास बोकेको नेपालको एक ऐतिहासिक, प्राचीन गाउँ मान्न सकिने बताउँछन् । यस गाउँलाई आजसम्म प्राकृतिक प्रकोपले पनि कहिल्यै क्षति नपुर्‍याएको स्थानीय बताउँछन् ।

नेपालको पहिलो त्रिभुवन राजपथसँगै जोडिएको यो बस्ती राजधानी काठमाडौँबाट नौबिसे हुँदै त्रिभुवन राजपथको बाटोबाट ६० किमी टाढा छ । त्यसैगरी, नयाँ खोलिएको थानकोट–चित्लाङ कच्ची बाटो हुँदै त मात्र ३० किलोमिटर पार गर्दा 'कुञ्छाल' पुग्न सकिन्छ । फर्पिङ–फाखेल–मार्खु हुँदै जाने हो ५५ किलोमिटर दूरीमा यो स्थान रहेको छ ।

लिच्छविकालीन राजा अंशु बर्माको समेत शिलालेख रहेको भनिएको यस बस्तीको तथ्यगत इतिहास भने तीन सय वर्ष पुरानो देखिने स्थानीय बताउँछन् । यहाँका अन्य गाउँहरूमा नेवाः समुदायभित्रका मिश्रित जातिको बसाइ रहेको देखिएता पनि कुञ्छाल गाउँमा भने केवल ग्वाला समुदाय अर्थात् हालका गोपाली भन्न रूचाउने गोपालवंशीहरूको मात्र बसाइ रहेको छ ।

नेपालकै पुरानो र मौलिक सभ्यता बोकेको गोपालीहरूको बस्ती कुञ्छाल गाउँमा धेरै अनौठा प्रचलन पनि रहेका छन् । यस बस्तीमा एक अनौठो चलन छ । यहाँ कुखुरा पाल्न वा कुखुराजन्य खाना खान निषेध छ । कुखुरालाई अपवित्र मान्ने यहाँको पुरानो प्रचलन हो ।

एक सय ७३ घरपरिवार भएको 'कुञ्छाल' यस गोपाली गाउँमा युवादेखि वृद्धवृद्धासम्म मिलेर सामुदायिक होमस्टे सञ्चालनमा ल्याइएको गाउँका अगुवा ७३ वर्षीय विष्णु गोपालीले बताउनुभयो । उहाँका अनुसार गाउँमा पुर्खाले नै बनाएको संरचना यथावत भएका कारण यसलाई बिग्रन नदिनेमा गोपालवंशदेखि रहेको र तीन सय वर्ष पुराना हुन् भन्ने प्रशस्त प्रमाण भेटिने उहाँको दाबी छ । उहाँ भन्नुहुन्छ, 'हामीले बोल्ने नेवारी भाषा काठमाडौँमा बोलिने भाषाभन्दा फरक छ', उहाँ थप्नुहुन्छ, 'शब्द, लवजमा नै धेरै फरक छ, हाम्रो भाषालाई प्राचीन नेपालमण्डलभित्रका भाषाभन्दा हुन्छ ।' उहाँका अनुसार नेपाल भाषाको इतिहास, मौलिकता आदि अध्ययन गर्न धरैजना आउने गर्छन् ।

त्यसैगरी, यहाँका महिलाहरू पनि पहिलेदेखि नै पुरूषसरह काम गर्ने गरेको ७० वर्षीया माइजुमाया गोपालीले बताउनुभयो । थाहा आन्दोलनमा प्रणेता रूपचन्द्र विष्टले गाउँको डबलीमा बसेर दैनिक दिने शिक्षाका कारण तत्कालीन समयमा पनि महिलाहरूले पढ्न र अधिकारका कुरा गर्न थालेको उहाँ सम्झनुहुन्छ । तत्कालीन जनयुद्धमा छोरी गुमाउनुभएकी उहाँलाई अहिलेको परिवर्तनमा आफ्नो परिवारले रगत बगाएकामा पनि निकै गर्व महसुस हुने गरेको बताउनुहुन्छ । उहाँका अनुसार तत्कालीन समयदेखि काम गर्ने, समय खेर नफाल्ने भन्ने सोच पलाएका कारण आफू यो उमेरमा पनि खेती गरेर खाइरहेको सुनाउनुहुन्छ । उहाँका अनुसार यहाँ पुरूषले पनि भान्साको काम गर्ने गर्छन् भने महिलाहरूले पनि पुरूषसरह खेतीपातीको काम गर्छन् । यहाँ आउने पाहुनालाई आफ्नै खेतीबाट उब्जेको अन्न तथा सागसब्जी खुवाउने उहाँको भनाइ छ ।

थाहा नगरपालिका प्रमुख विष्णु विष्टले यहाँ हरेक १२ वर्षमा एकपटक देवीनाच लाग्ने गरेको र यो नाचको सम्बन्ध काठमाडौँको केन्द्र हनुमानढोका दरबारसँग रहेको जानकारी दिनुभयो । यस नाचलाई हनुमानढोका दरबारको डबलीमा देखाइने चलन पनि रहेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'कुञ्छाललाई एउटा जीवित सङ्ग्रहालयका रूपमा विकास गर्दै यहाँको ऐतिहासिक स्वरूपलाई नै निरन्तरता दिने र यहाँको मौलिक स्वरूप, परम्परागत पेसा नै यहाँका स्थानीयको समृद्धिको आधार बनाउन हामीले जोड दिइरहेका छौँ ।' मकवानपुरको पहाडी भेग अझ काठमाडौँ उपत्यका नजिकका घर २०७२ सालको शक्तिशाली भूकम्पले ध्वस्त भए पनि यहाँ कुनै क्षति नभएको नगरप्रमुख विष्टले जानकारी दिनुभयो ।

नगरप्रमुख विष्टका अनुसार पुरानो बस्ती कुञ्छालका बासिन्दा असाध्यै मेहनती छन् । कृषि र पशुपालन उनीहरूको मुख्य पेसा र आम्दानीको स्रोत रहेको उहाँ बताउनुहुन्छ । पछिल्लो समय गोपाली समुदायले होमस्टे सञ्चालनका लागि आफैँले खर्च जुटाएर आवश्यक व्यवस्थापन गरेको छ । महिला–पुरूषमा कामका हिसाबले भेदभाव नहुनु यहाँको विशेषता हो । बस्ती छेवैको बजारमा मिल भए पनि स्थानीयलाई घरकै ओखलमा कुटेको चामल खाँदा स्वादिलो लाग्ने गर्छ । पर्यटकलाई उसिनेको चामलको भात खुवाउने यहाँको चलन रहेको छ ।

**पदयात्राको समेत सम्भावना**

थाहा नगरपालिकाको वडा नं १ र ६ मा पर्ने टिस्टुङ–कुञ्छाल पदमार्गमा यात्रा गर्नका लागि राजधानी काठमाडौँबाट गणेशमानसिंह मार्ग चन्द्रागिरि–चित्लाङ हुँदै करिब एक घण्टामा पुग्न सकिन्छ । त्यस्तै बागमती प्रदेशको राजधानी हेटौँडाबाट त्रिभुवन राजपथ हुँदै करिब तीन घण्टामा पुग्न सकिन्छ । टिस्टुङ–कुञ्छाल पदमार्गमा यात्रा गर्न कुञ्छाल गाउँबाट वा नजिकैको सरस्वती बजारबाट शुरू गर्न सकिन्छ ।

बज्रवाराहीको सरस्वती बजारबाट वाराहीचौर हुँदै नासपाती बगैँचा भ्रमण, कुञ्छाल गाउँ अवलोकन र गणेश मन्दिर दर्शनपश्चात टिस्टुङको वनस्पति उद्यानमा पुग्न सकिन्छ । उद्यानबाट विश्रामसहित ग्रामीण क्षेत्रको जीवनशैली र प्रकृतिको मनोरमताको अवलोकन गर्न सकिन्छ ।

वनस्पति उद्यानबाट कार्कीछाप गाउँको दैनिकी किसानको जीवनशैली, गोठालाको अनुभव, प्राकृतिक मनोरम दृश्यावलोकन, खेतीपाती गर्दै गौखुरेश्वर महादेवको दर्शन यही रूटमा गर्न सकिन्छ । ढल्टगाउँको अवलोकन गरेपछि अध्याय रिसोर्ट हुँदै उन्मत्तेश्वर महादेवको मन्दिर दर्शन गरी कोत दरबारको अवलोकनपश्चात थाहानगरकै प्रमुख शक्तिपीठका रूपमा रहेको वाराही मन्दिर र सँगैको चौरबाट पैदल जङ्गल सफारीसँगै पैदलमार्गमा प्रकृतिसँग लुकामारी गर्न सकिन्छ ।

वाराही मन्दिरबाट उकालो हिँडेर पुगिने वाराही डाँडामा पुग्दा यात्राका सबै थकान मेटिएको अनुभव हुन्छ । निकै मनोरञ्जनात्मक र साहसी पैदलयात्री जस्तै अनुभव गर्न सकिने यस मार्गको दूरी करिब १६ किलोमिटर रहेको छ । वाराही डाँडाबाट पुनः जङ्गल सफारीसँगै नन्दिकेश्वर महादेव दर्शन गरेर यो पदयात्राको बिट मारिन्छ । स्थानीयहरूको आत्मीय व्यवहार र स्वागतसहितको पैदलयात्रासँगै केही दिनको भ्रमण र बस्नका लागि पनि थाहानगरको बज्रवाराहीमा होटलको राम्रो व्यवस्था भएको तथा कुञ्छालमै रहेका होमस्टेमा पनि बस्न सकिन्छ ।

# साहसिक पर्यटनको सम्भावना घोर्ले भिर

**रामकुमार लिम्बू**
**इलाम ।**

ठाडो स्वरुप, टाढाबाट पर्खालजस्तो देखिने चट्टानी बनावटमा रहेको इलामको माङसेबुङ गाउँपालिका–१ गजुरमुखीको तोभाङमा अवस्थित भौतिक पूर्वाधारको अभावमा पर्यटकको आकर्षणको केन्द्र बन्न सकेको छैन । वरिपरि हरियाली डाँडाकाँडा र अधिकांश भूभाग ठूला चट्टानहरु रहेको घोर्ले भिर साहसिक पर्यटनका लागि प्रशस्त सम्भावना भएर पनि ओझेलमा परेको छ ।

समुन्द्री सतहबाट अनुमानित एक हजार ५०० देखि एक हजार ७०० मिटरसम्मको उचाइमा अवस्थित अन्दाजी १५५ हेक्टर क्षेत्रफलमा फैलिएको घोर्ले भिर प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक सम्पन्नताले भरिपूर्ण रहेको छ । स्थानीय ज्येष्ठ नागरिक मनबहादुर बुढाथोकी जङ्गली जनावर घोरल प्रशस्त मात्रा पाइने भएकाले यस भिरको नाम घोर्ले भिर रहन गएको बताउनुहुन्छ । घोरलहरुको बासस्थान भएको कारणले नै घोरल भिरबाट अपभ्रंश हुँदै बोलीचालीमा सहजताका लागि घोर्ले भिर नामाकरण गरिएको उहाँको भनाइ छ ।

पहिलेपहिले त्यस भिरमा स्थानीय गाउँलेहरुले गाईवस्तु, बाख्रा चराउन लैजाँदा बाख्रासँगै घोरल चर्ने, रमाउने र खेल्ने गरेकाले त्यस भिरको नाम घोर्ले भिर रहन गएको उहाँको भनाइ छ । 'हामी केटाकेटी हुँदा बाख्रा चराउन घोर्ले भिर जान्थ्यौँ, त्यतिबेला घोरलहरु बाख्रासँगै चर्ने गर्दथे । बेलुका बाख्रा घरतिर ल्याउँदा घोरलहरु पनि बाख्रासँगै आउने गरेको र बाख्राहरु खोरमा पसेपछि ती घोरलहरु जङ्गलतिरै जाने गरेको बुढाथोकीले सुनाउनुभयो ।

साहसिक पर्यटनमा रुचि राख्ने पर्यटकहरुका लागि घोर्ले भिर आकर्षक गन्तव्य बन्नसक्ने प्रशस्त सम्भावना रहेको स्थानीय समाजसेवी यामकुमार बुढाथोकी बताउनुहुन्छ । 'घोर्ले भिर क्षेत्र आसपासमा पदयात्राका लागि उत्कृष्ट वातावरण छ । माङसेबुङ गाउँपालिका कार्यालयदेखि घोर्लेभिर डाँडासम्म र १ नं वडा कार्यालयदेखि घोर्लेभिर डाँडासम्मको पदयात्रा मार्ग निर्माण गर्न सकिन्छ । उहाँले भन्नुभयो, 'घोर्लेभिरको चट्टानी संरचना रक क्लाइम्बिङको पनि उत्तिकै सम्भावना छ ।'

त्यस्तै सफा मौसम, हावाको सन्तुलित प्रवाह, उचाइ र खुला भूक्षेत्रको उपलब्धताका कारण घोर्लेभिरमा प्याराग्लाइडिङको समेत सम्भावना रहेको छ ।

घोर्लेभिरबाट उडेर तलतिर फेवा खोलाको बगरमा अवतरणका लागि दूरीसमेत पर्याप्त हुने भएकाले प्याराग्लाइडिङको सम्भावना पनि उत्तिकै छ । यस क्षेत्रमा साहसिक गतिविधिका लागि हालसम्म सरकारी निकाय र निजी क्षेत्रबाट कुनै सम्भाव्यता अध्ययन भने नभएको वडाध्यक्ष भूपाल योङहाङ बताउनुहुन्छ । 'घोर्लेभिर नजिकै लामिडाँडाको शिवालय मन्दिरसम्म त गाउँपालिकाको लगानीमा सडक पुर्‍याइएको छ । बाँकी कुनै काम गर्न सकिएको छैन,' वडाध्यक्ष योङहाङले भन्नुभयो, 'आगामी दिनमा वडाका तर्फबाट समेत घोर्लेभिरको प्रवर्द्धनका लागि कार्यक्रम समावेश गर्नेछौँ ।'

माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रहरुको संरक्षण र संवर्द्धनका लागि योजनाबद्ध रुपमा काम गरिरहेको बताउनुभयो । उहाँले घोर्लेभिरलाई साहसिक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सम्भाव्यता अध्ययनको तयारी भइरहेको बताउनुभयो । 'घोर्लेभिरमा रक क्लाइम्बिङ र प्याराग्लाइडिङजस्ता साहसिक गतिविधि गर्न सम्भाव्यता अध्ययनका लागि प्रदेश सरकार र सङ्घीय सरकारसमक्ष पेस गरेका छौँ,' अध्यक्ष राईले भन्नुभयो, 'नेपालका थुप्रै डाँडा टाकुराहरु पर्यटकीय गन्तव्य बनेका छन् । घोर्लेभिर त झन् प्रशस्त सम्भावना भएको क्षेत्र हो', उहाँले पर्यावरण संरक्षणसँग जोड्दै पालिका पर्यटन विकासमा अघि बढिरहेको बताउनुभयो ।

अध्यक्ष राईले घोर्लेभिरमा पर्यटन प्रवर्द्धन गर्न योजनाबद्ध रुपमा काम गरिने बताउनुभयो । त्यसकै लागि पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको योजनाबद्ध रुपमा प्रवर्द्धन गर्नका लागि गएको साता त्यस्ता १८ वटा क्षेत्रको अध्ययन र अनुसन्धान गर्न पर्यटन पदयात्रा सम्पन्न गरेको उहाँले बताउनुभयो ।

यता, साहसिक पर्यटन विकासका लागि सरकारी नीति स्पष्ट हुन नसक्दा उल्लेख्य प्रगति हुन नसकेको पर्यटन व्यवसायीहरु बताउँछन् । माङसेबुङका पर्यटन व्यवसायी रोशन राई सरकारी नीति उदार नहुँदासम्म साहसिक पर्यटनको विकास चुनौतीपूर्ण रहेको बताउनुहुन्छ ।

घोर्लेभिरको टुप्पोबाट चारैतिरका डाँडाकाँडा, स्थानीय जीवनशैलीका बस्तीहरु, हरियाली फाँटहरु एकैसाथ देख्न सकिन्छ । मौसम सफा भएको बेला कञ्चनजङ्घा र कुम्भकर्ण हिमाल समेत प्रस्टै देखिन्छ । यहाँको मौसम परिवर्तनसँगै देखिने प्राकृतिक दृश्यले जो कोहीलाई स्वर्गीय आनन्द प्राप्त हुन्छ । भौगोलिक बनावटका कारण घोर्लेभिरले प्रकृतिप्रेमी र फोटोग्राफरहरुलाई विशेष आकर्षित गर्ने गर्दछ । स्थानीय बोटबिरुवाको विविधतामा वैज्ञानिक अनुसन्धान, औषधीय अध्ययन र वनस्पतीय पर्यटनका लागि पनि यो ठाउँ सम्भावनायुक्त मानिन्छ । साथै, जैविक कृषि, मौरीपालन र जडीबुटी खेतीको सम्भावनासमेत प्रशस्त छ ।

घोर्लेभिर प्राकृतिक सुन्दरता र जैविक विविधताको दृष्टिले समेत महत्वपूर्ण छ । एकातिर साहसिक गतिविधिको सम्भावना र अर्कोतर्फ हरियाली शान्त वातावरण । पहिलोपटक घोर्लेभिर पुग्ने जो कोहीले स्वर्गीय आनन्द प्राप्त गर्छन् । घोर्लेभिर वरपरको जङ्गलमा घोरलसँगै अन्य जङ्गली जनावरहरुको बासस्थान प्रशस्त पाइन्छ । घोर्लेभिरमा दर्जनौँ गुफा, ओडार, चेप र खोपहरु छन् । ती गुफा, ओडार, चेप र खोपमा घोरल, मृग, चितुवाहरु बस्दथे । अहिले पनि घोरल र मृगहरु प्रशस्त देख्न पाइन्छ । चितुवाहरु भने पाउन छाडिएको स्थानीय गणेश नेपाल बताउनुहुन्छ । 'मैले बाल्यकालदेखि घोर्लेभिर हेर्दै आएको छु । पहिले हामी गाईबाख्रा चराउने, जडीबुटी टिप्ने ठाउँ थियो । यहाँ प्रशस्त जङ्गली जनावरहरु पाइन्थे', उहाँले भन्नुभयो, 'अहिले कम हुँदै गएको छ । समयमै यस क्षेत्रको प्रवद्र्धन नगर्ने हो भने यहाँको जैविक विविधता हराउँदै जाने जोखिम रहेको छ ।'

घोर्लेभिर वरपरका जङ्गलमा जैविक महत्वका विभिन्न जडीबुटीजन्य वनस्पतिहरु समेत प्रशस्त पाइन्छ । भोर्ला, चिउरी, लालीगुराँस, सुनाखरी, कुरिलो, असुरो, बुढो ओखर, हटचुर, अमला, हर्रा, बर्रा, पुदिना, तीतेपाती, मालागिरि, पाङ्ग्रा, बल्ढङ्ग्रा, कुकुरडाइनो, सिकारी लहरा, बाबियो, दार, गुर्जोलगायत जैविक महत्वका खोपोन्मुख जडीबुटीहरु पाइन्छन् ।

घोर्लेभिरको बीच भागमा घोरल र मृगले चाट्ने 'खार' नुनिलो स्वादको हुने भएकाले घोरल र मृगले नुनको स्वाद त्यही खार चाटेर लिने गर्दछन् ।

घोर्लेभिर र आसपासका क्षेत्रमा भौतिक पूर्वाधारको विकास भने हुन सकेको छैन । त्यहाँसम्म पुग्न पक्की बन्न सकेको छैन । विद्युत् र खानेपानी पनि विस्तार हुन सकेको छैन । गाउँपालिका कार्यालयबाट बताहा दोभान हुँदै तोभाङ भञ्ज्याङसम्म सवारी साधनमार्फत र त्यहाँबाट करिब आधा घण्टाको उकालो पैदल यात्रापछि घोर्लेभिर पुग्न सकिन्छ । त्यसैगरी अर्को बाटो गजुरमुखी धामदेखि तोभाङ हुँदै भञ्ज्याङसम्म र १ नं वडा कार्यालयबाट भञ्ज्याङसम्म सवारी साधनमार्फत र त्यहाँबाट करिब आधा घण्टाको उकालो पैदल यात्रापछि घोर्लेभिर पुग्न सकिन्छ । त्यसैगरी दमक–चिसापानी–रवि सडकअन्तर्गत हुलाकदेखि देउराली हुँदै लामीडाँडाबाट पनि पैदल यात्रा गरेर यहाँ पुग्न सकिन्छ ।

घोर्लेभिरलाई साहसिक पर्यटनको उत्कृष्ट गन्तव्य बनाउन योजनाबद्ध र दिगो दृष्टिकोण आवश्यक छ । यसका लागि स्थानीय सरकार, निजी क्षेत्र, पर्यटन व्यवसायी र स्थानीय समुदायहरुबीच सहकार्य अपरिहार्य पर्छ । घोर्लेभिरको पर्यटन प्रवद्र्धनका लागि सडक निर्माण, विद्युत् विस्तार, खानेपानीको व्यवस्थापन, शौचालय व्यवस्थापन इन्टरनेटको व्यवस्थापनजस्ता आधारभूत कामको थालनी गर्नुपर्छ । त्यस्तै, सरकारका तर्फबाट घोर्लेभिरको प्राकृतिक र सांस्कृतिक विशिष्टतालाई 'ब्रान्डिङ' गर्नेगरी रणनीति बनाई समुदायमा आधारित दिगो पर्यटन विकासमा जानुपर्नेमा जोड दिइएको छ ।

घोर्लेभिरलाई पर्यटनको गन्तव्यका रुपमा विकास गर्नसके स्थानीयलाई रोजगारीको अवसर सिर्जना हुनका साथै आम्दानीसमेत बढ्ने देखिन्छ । यसको प्रवद्र्धनका लागि सरकार, पर्यटन व्यवसायी र स्थानीयबासीको सहकार्य र समन्वयमा अत्यावश्यक छ । यदि यहाँको सम्भावनालाई योजनाबद्ध ढङ्गले उपयोग गर्न सकियो भने यो केवल माङसेबुङको मात्र होइन, समग्र इलाम र नेपालकै गौरव बन्नेमा दुई मत छैन ।

# प्रतिनिधिसभामा १६५ जना सदस्य भए पुग्छ




**तपाईंको पछिल्लो संसदीय अभ्यासको अनुभव कस्तो भइरहेको छ ?**
मसँग यसअघि पनि संसद्को अनुभव छ । तर, अहिलेको संसदीय गतिविधि हेर्दा सक्रियताका साथ अगाडि बढिरहेको छ । संसद् पछिल्लो समयमा कानुन निर्माणको पाटोमा अलि बढी सक्रिय छ । अहिले बर्खे अधिवेशन चलिरहेको छ । यो अधिवेशन बजेट अधिवेशन हो । सरकारले ल्याएको नीति तथा कार्याक्रममाथि पर्याप्त छलफलपछि पारित भएको छ । सँगसँगै संसद्ले कान्न निर्माणलाई पनि प्राथमिकता दिएको छ । सदनमा जनताका जल्दाबल्दा सवाल पनि उठिरहेकै छ । कतिपय जनताका सवाललाई सरकारले सम्बोधन पनि गरेको छ । संसद्ले अस्थिरताका बीच दुई ठूला दल सम्मिलित स्थिर सरकार दिएको छ ।

**संविधान कार्यान्वयनलाई कसरी विश्लेषण गर्नुभएको छ ?**
हामी सबै राजनीति दलले धेरै मेहनत गरेर संविधान बनाएका छौँ । तर राम्राका लागि कोसिस भए पनि उत्कृष्ट संविधान दिन सकेनौँ । फलस्वरुप मुलुकमा सरकार स्थिर हुन सकेन । अधिकारसम्पन्न शक्तिशाली प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री बन्ने कुरा संविधानमा उल्लेख गर्नुपर्ने थियो । त्यसैले अहिले संविधानप्रति म सन्तुष्ट छैन । मेरो अनुभवमा संविधान अलि विचार पुर्‍याएर बनाउन सकिएन कि भन्ने लागेको छ । तैपनि संविधानका केही प्रावधान कार्यान्वयन भएको छ । यो राम्रो कुरा हो ।

**संविधान संशोधनबारे तपाईंको धारणा के छ ?**
संविधान संशोधन अहिलेको मुख्य आवश्यकता हो । संविधान संशोधन नगरी मुलुकले समृद्धिको बाटो लिन्छ जस्तो मलाई लागेको छैन । संविधान संशोधन गरेरै स्थिर सरकारको व्यवस्था गर्नुपर्छ । 'थ्रेस होल्ड' र समानुपातिक–समावेशी निर्वाचन प्रर्णालीलाई संशोधन गर्नुपर्ने छ । तर जनताको सुझावसहित संविधान संशोधनमा सबै दलबीच सहमति हुन जरुरी छ । सरकारले संविधान संशोधनमा सम्भव भएसम्म सबैलाई सहमतिमा ल्याउनुपर्छ । स्थिर सरकारका लागि 'थ्रेसहोल्ड' बढाउनुपर्छ ।

**अहिलेको शासन व्यवस्थाप्रति तपाईंको धारणा के छ ?**
हामीसँग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार छ । प्रदेशप्रति आम जनताको भावना राम्रो छैन । तर, सबै हिसाबले हेर्दा यसको व्यवस्थापनमा समस्या भइरहेको छ । प्रतिनिधिसभा सदस्यको सङ्ख्या धेरै भयो । धेरै खर्चिलो भयो । प्रतिनिधिसभाका सदस्य एक सय ६५ भए काफी हुन्छ । त्यसका लागि निर्वाचन प्रणालीमा सोचविचार गर्नुपर्छ । यदि बढाउने हो भने २०४८ सालमा जस्तै दुई सय पाँचभन्दा बढी बढाउनै हुँदैन । त्यहीअनुसार सङ्घीय मन्त्रालयको सङ्ख्या पनि कम गर्नुपर्छ । प्रदेश सांसदको सङ्ख्या र मन्त्रालयको सङ्ख्या पनि घटाउनुपर्छ । स्थानीय तहलाई पनि चुस्त बनाउनुपर्छ । समग्रमा आर्थिक हिसाबले मुलुकले धान्ने गरी शासन व्यवस्था हुनुपर्छ ।

**राष्ट्रियसभालाई कसरी हेर्नुभएको छ ?**
राष्ट्रियसभा संवैधानिक व्यवस्था हो । अब अहिले यसलाई हटाउन पनि गाह्रो छ । तर पनि अलि सानो बनाउन जरुरी छ । राष्ट्रियसभामा राजनीतिक व्यक्तित्वभन्दा पनि समाजमा उत्कृष्ट योगदान दिएका व्यक्ति हुनुपर्छ । समाजमा उत्कृष्ट काम गर्ने व्यक्तिको प्रतिनिधित्व हुनुपर्छ । खास भन्ने हो भने राष्ट्रियसभा भनेको गैरराजनीतिक व्यक्तिलाई विज्ञका आधारमा छनोट गर्ने हो । यो सभाको सदस्यको संख्या ३५ जनामात्र भए पनि पर्याप्त हुन्छ ।

**तपाईं निर्वाचित पर्सा जिल्लाको निम्ति तपाईंले गर्नुभएको मुख्य काम के–के हुन् ?**
पर्सा जिल्लामा सबैभन्दा ठूलो समस्या भनेको बेरोजगारी हो । यो जिल्लाको मात्र होइन, मधेस प्रदेशसहित सिङ्गो देशकै समस्या हो । मैले मेरो निर्वाचन क्षेत्रमा रोजगारीका निम्ति सरकारसँग पहल गरिरहेको छु । अर्को, पर्सामा सडकको पनि समस्या छ । सडक निर्माणका निम्ति हामी सांसद आफैँ कार्यकारी होइन । त्यसका लागि सरकारका मन्त्री, वडाध्यक्ष र पालिका प्रमुख हो । तर पनि मैले व्यक्तिगत रूपमा त्यस क्षेत्रको समग्र विकासका निम्ति आफूले सकेको पहल गरिरहेको छु । तराईमा सबैभन्दा बढी स्वास्थ्य र शिक्षाको समस्या छ । तर, देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएपछि पहिलाको तुलनामा धेरै विकास भएको छ ।

**जनताको अवस्थालाई तपाईंले कसरी विश्लेषण गर्नुभएको छ ?**
देशमा केही गर्न सकिँदैन, देशमा केही पनि हुन सक्दैन भन्ने भाष्य जबर्जस्त निर्माण गरिँदै छ । तीन तहको सरकारमा खर्च बढी भयो भन्ने हुनसक्छ । तर सरकारले कामै गरेको छैन भन्ने होइन । सञ्चार, शिक्षा, विकासमा धेरै परिर्वतन भएको छ । सरकारले पनि तीव्रगतिमा काम गरिरहेको छ । सरकारले नीति तथा कार्यक्रममार्फत युवा उद्यमशीलताको कार्यक्रम ल्याएको छ । प्रदेश र स्थानीय सरकारले पनि त्यहीअनुसार काम गर्दै आएको छ । त्यसैले देशको व्यवस्थाअनुसार जनताको अवस्थामा पनि क्रमिक सुधार हुँदै गएको छ । अब छिट्टै पूर्ण रूपमा सुधार हुन्छ ।

**युवा पलायनका सन्दर्भमा तपाईंको बुझाइ के छ ?**
नेपाली युवा अध्ययनका लागि विदेश जाने सवाल स्वाभाविक हो । गुणस्तरीय शिक्षाका निम्ति नेपालबाट मात्र होइन, अन्य देशका युवाले पनि देश छाडेका छन् । हामी 'ग्लोबलाइजेसन' र 'डिजिटलाइजेसन'को युगमा छौँ । घरमा बसेर संसार हेर्न र बुझ्न सकिन्छ । दक्षिण कोरियाले पनि ७० को दशकतिर कानुन नै बनाएर खाडीलगायत अन्य मुलुकतिर रोजगारीका निम्ति मान्छे पठाउने गरेको थियो । पछि आफ्नो देश समृद्ध भएपछि उनीहरु फर्किएका थिए । त्यसैले युवा पलायनलाई अन्यथा लिनु हुँदैन । विदेश जाने मात्र होइन, नेपाली युवा देशभित्र फर्किएर आफ्नो व्यापारव्यवसाय गरेका पनि छन् । यो निरन्तर चलिरहने प्रक्रिया हो । नेपाल समृद्धितिर जान थालेपछि स्वाभाविक रूपमा नेपालीहरू आफ्नो देश फर्किने छन् । तर पनि हामीले शिक्षा प्रणालीलाई थप सुदृढ गरेर रोजगारमूलक बनाउनुपर्ने छ । हामीले नेपालका युवामात्र विदेश गएका देखेका छौँ । रोजगारीका सिलसिलामा विदेशबाट नेपाल पनि आएका छन् । नेपालबाट अन्य देश जाने पनि छन् ।

**देशमा सुशासन कायम गर्न के गर्न सकिन्छ होला ?**
सुशासनका निम्ति भ्रष्टाचारलाई पूर्ण रूपमा निर्मूल पार्नुपर्छ । कानुनको पूर्ण कार्यान्वयन गर्नुपर्छ । जनतालाई कानुनभन्दा माथि कोही हुँदैन भन्ने आभास दिन सक्नुपर्छ । कानुन नमान्ने जोकोही दण्डित हुनुपर्छ । सरकार र राज्यप्रति जनताको विशवास जगाउन सक्नुपर्छ । भ्रष्टाचार अन्त्य गर्न राजनीतिक दलले भ्रष्टाचारीलाई संरक्षण दिनु हुँदैन । कानुनको नजरमा भ्रष्टाचार गर्ने सबै दोषी हुन् ।

**देशमा उद्योग, कलकारखाना सञ्चालन गर्न के गर्नुपर्छ होला ?**
देशका धेरै कानुन विकासविरोधी छन् । सरकार आफैँले उद्योग–व्यापार गर्ने होइन । यो निजी क्षेत्रले गर्ने हो । निजी क्षेत्रसँग पैसा पनि छ । हामीले निजी क्षेत्रलाई विश्वास दिलाउन सक्नुपर्छ । निजी क्षेत्रले उद्योग खोलेर सञ्चालन गर्ने सवालमा कानुनी बाधा अड्चन छन् भने सरकारले त्यसको समाधान गर्नुपर्छ । सरकारले मात्र गरेर हुँदैन । निजी क्षेत्रको सक्रियताबिना मुलुक समृद्ध हुन सक्दैन । सडक निर्माणदेखि हरेक काम निजी क्षेत्रलाई दिन सक्नुपर्छ ।

**देशको आर्थिक विकासका निम्ति तपाईंको सुझाव के छ ?**
निजगढ–काठमाडौँ द्रूतमार्ग निर्माणका लागि भारतबाट निजी कम्पनी आएको थियो । भारतीय निजी क्षेत्रलाई ठेक्का दिँदा हामीले त्यसको विरोध गरियो । पछि नेपाली सेनालाई जिम्मा दिँदा त्यसको खर्च बढी आएको छ । सरकारले सबै काम गरेर साध्य हुँदैन । सरकारी निकायमा एउटा राजनीतिक नेतृत्व आउँछ, उसले आफ्ना मान्छे मात्र भर्ती गर्छ । म आफैँ उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री हुँदा उदयपुर सिमेन्ट कारखानाको हविगत देखेको छु । मैले सरकारी कर्मचारी भनेर कामै नगरिकन 'ओभरटाइम'को पैसा लिएको देखेको छु । त्यसैले विकासको काम निजी क्षेत्रलाई नदिइकन सम्भव नै छैन । सरकार आफैँले हवाईजहाज चलाएर सक्छ ? अमेरिकाजस्तो देशमा सरकारको आफ्नो एयरलाइन्स छैन ।

**अन्त्यमा, आमजनताप्रति तपाईंको सन्देश के छ ?**
म जनतालाई धैर्य गर्न आह्वान गर्दछु । देश अहिले सही बाटोमा छ । देशको व्यवस्था परिवर्तन भएको छ । अब अवस्थालाई परिवर्तन गर्ने प्रयास भइरहको छ । देश बन्दैन भन्ने भाष्य गलत छ । देश बनिरहेको छ । अझै राम्रो बन्छ । अब राजनीतिमा पनि पढेलेखेका युवा शक्तिको बर्चस्व छ । सकारात्मक सोच राखौँ । देश बन्छ ।

# नयाँ नोटहरू तपाईंको हातसम्म यसरी आइपुग्छन्



गनी अन्सारी



लामो रस्साकस्सीपछि केन्द्रीय ब्याङ्कका नयाँ गभर्नरमा विश्वनाथ पौडेल नियुक्त भएसँगै रु. ५० र १,००० दरका नयाँ नोट छाप्ने प्रक्रिया अगाडि बढाउने अधिकारीहरूले बताएका छन् । नेपाल राष्ट्र ब्याङ्कले आवश्यकताअनुसार समयसमयमा नयाँ नोट ल्याउने प्रचलन रहिआएको छ । नेपालले हाल पाँच रुपैयाँदेखि १,००० दरका कागजका नोटहरू विभिन्न देशमा छपाउँदै आएको छ । हामी यहाँ नेपाली नयाँ नोटहरू छाप्नेदेखि प्रयोगमा ल्याइने प्रक्रियासम्मको चर्चा गर्दै छौँ ।

**छाप्ने आधार के ?**
जानकारहरूका अनुसार नोट छाप्न कुनै पनि देश स्वतन्त्र र सार्वभौम हुन्छ। त्यसका निम्ति सम्बन्धित मुलुकले कसैको अनुमति लिनुपर्दैन । 'अर्थतन्त्रको आवश्यकताअनुसार कुनै पनि देशको केन्द्रीय ब्याङ्कले नोट छाप्न सक्छ,' नेपाल राष्ट्र ब्याङ्कका उपनिर्देशक तथा सहायक सूचना अधिकारी भागवत् आचार्यले बीबीसी न्यूज नेपालीसँग भने ।

'भुक्तानी प्रक्रिया र कारोबारलाई सहज बनाउनका निम्ति नोट आवश्यक पर्छ र सोहीअनुरूप नोट बाहिर ल्याउने हो ।' राष्ट्र ब्याङ्कका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीका अनुसार दुईतीन वटा पक्षलाई हेरेर नयाँ मुद्रा छाप्ने गरिन्छ । 'विकासका लागि आउँदो वर्ष कति रकम आवश्यकता पर्छ भन्ने कुरा सरकारसँग पनि उसले जानकारी लिन्छ। चलनचल्तीमा कति नोट छन् र कति बजारबाट झिक्छौँ भन्ने आधारमा छाप्ने योजना बनाइन्छ,' बीबीसी न्यूज नेपालीसँग उनले भने ।

**छपाइ प्रक्रिया कस्तो ?**
उपनिर्देशक आचार्यका अनुसार सामान्यतया दुईतीन वर्षका लागि कति नोट चाहिन्छ भन्ने निर्धारण गरेर नेपाली नोटहरू छपाउने गरिएको छ । यदि पुरानै डिजाइनमा नोट छपाउनु छ र छपाइका निम्ति आन्तरिक सुरक्षाका विषय परिवर्तन गर्नु छ भने सञ्चालक समितिले निर्णय गरेर प्रक्रिया अगाडि बढाउँछ । 'तर नोटमा भएका चित्र अथवा नोटकै दर परिवर्तन गर्नुपरेमा अथवा आकार परिवर्तन गर्नुपरेमा त्यसको स्वीकृति सरकारले दिनुपर्छ। सरकारबाट स्वीकृति लिएर ब्याङ्कले प्रक्रिया अगाडि बढाउँछ,' उनले भने । पूर्वगभर्नर क्षेत्रीका अनुसार नोट छाप्ने विदेशी कम्पनीहरूको सूची बनाइएको हुन्छ ।

**भारुसँग नेरुको साइनो**
'पहिला नै जानकारी गराएर उनीहरूले बिड गरेअनुसार प्रिक्वालिफिकेशन सूचीमा राखिएको हुन्छ । तिनै कम्पनीमध्ये सस्तो र भनिएको समयमा दिन सक्नेलाई नोट छाप्न दिइन्छ। यो प्रक्रियामा डेढदुई वर्षसम्म लाग्छ,' उनले अगाडि थपे । राष्ट्र ब्याङ्कका उपनिर्देशक आचार्यका अनुसार चाहिने जति नोटहरू एकै पटक छापिँदैनन् । 'टेन्डरका आधारमा कुनै कम्पनीले एउटा दरका र अर्को कम्पनीले अर्को दरका नोट छापिरहेको हुन सक्छ । त्यसो भएर एकैचोटि छापिएर आउँछन् भन्ने हुँदैन। नोट छाप्ने र ल्याउने प्रक्रिया चलिरहन्छ,' उनले थपे । उनका अनुसार संस्कृतिविद्, भाषाविद्, पुरातत्त्वविद् र प्रकृतिविद्को प्रतिनिधित्व रहने गरी राष्ट्र ब्याङ्कमा एक नोट डिजाइन समिति बनाइएको छ। सोही समितिले नेपाली नोटहरूको डिजाइन गर्छ ।

कारोबारमा कुनै असर नपरोस् भनेर सामान्यतया सवा तीन वर्षका लागि पुग्ने मुद्रा ढुकुटीमा राख्ने गरिएको आचार्य बताउँछन् । 'सवा तीन वर्ष भनेकोमा कहिलेकाहीँ दुई वर्षमा पनि झरेको हुन सक्छ भने कहिलेकाहीँ चार वर्षका लागि पुग्ने पनि हुन सक्छ,' उनले स्पष्ट पारे । नेपालमा नोट छाप्ने पूर्वाधार छैन। हाल चलनचल्तीमा रहेका सात प्रकारका नोटमध्ये पाँच प्रकारका पछिल्लो समय चीनमा छापिएका छन् । विगत ११ वर्षयता चीनमा पनि नेपाली नोटको छपाइ हुँदै आएको छ । अधिकारीहरूका अनुसार हाल रु. ५० र रु १०० बाहेक सबै दरका नोट चीनको चाइना ब्याङ्क नोट प्रिन्टिङ एन्ड मिन्टिङ कर्पोरेशनले छाप्दै आएको छ भने रु. ५० का नोट फ्रान्समा र रु. १०० का नोट यूकेमा छापिँदै आएका छन् ।

नेपालमा चलनचल्तीका सिक्का बनाउन छोडेको पनि १४ वर्षभन्दा बढी समय भइसकेको अधिकारीहरू बताउँछन् । उनीहरूका अनुसार विगतमा सिक्का बनाउँदै आएको केन्द्रीय ब्याङ्कको टक्सार विभागले हाल असर्फी, स्मारिका सिक्का र पदकहरू मात्रै बनाउने गरेको छ । एक र दुई रुपैयाँ दरका नोटहरू पनि दश वर्षअघि छापिन बन्द भइसकेको छ ।

**खर्च कति लाग्छ ?**
अधिकारीहरूका अनुसार कम्पनीले गर्ने बोलकबोलको दर र नोटका सुरक्षा विशेषतामा छपाइ खर्च निर्भर गर्छ । 'मुख्य कुरा नै सुरक्षा हो । जुन नोटमा सिक्युरटी फिचर सुरक्षा विशेषता बढी हुन्छ, त्यसको छपाइ खर्च त्यति नै बढी हुने गर्छ,' पूर्वगभर्नर क्षेत्रीले भने । उपनिर्देशक एवम् सहायक सूचना अधिकारी आचार्यका अनुसार हालसम्म प्रतिनोट–सिक्का छपाइमा साढे दुईदेखि सात रुपैयाँसम्म खर्च हुँदै आएको छ । 'मुद्रा व्यवस्थापन विभागले मलाई जानकारी गराएअनुसार अहिलेसम्म प्रतिनोट सात रुपैयाँभन्दा बढी छपाइ खर्च हामीलाई लागेको छैन,' उनले भने । अधिकारीहरूका अनुसार कागजी नोटको तुलनामा एक र दुई रुपैयाँको सिक्का बनाउनमा बढी खर्च लाग्ने गरेको छ । 'सिक्काहरूमा अङ्कित मूल्यभन्दा छपाइ खर्च बढी हुने कुरा सत्य हो,' आचार्यले थपे । अङ्कित मूल्यभन्दा छपाइ खर्च नै बढी हुने भएर केही समयदेखि एक र दुई रुपैयाँ दरका नोटहरू पनि छाप्न छोडिएको पूर्वगभर्नर क्षेत्री बताउँछन् ।

**प्रयोगमा कसरी आउँछ?**
विदेशमा नोटहरू छपाइ गराएर ल्याइसकेपछि प्रयोगका लागि पनि निश्चित प्रक्रियाबाट गुज्रिनुपर्छ । नयाँ नोटहरू निष्कासन गरेर राष्ट्र ब्याङ्कले प्रयोगमा ल्याइएको जानकारी नगराउन्जेल त्यो कागजसरह नै हुने पूर्वगभर्नर क्षेत्री बताउँछन् । राष्ट्र ब्याङ्कले छपाएर ल्याएका नोट चलनचल्तीमा ल्याउनुअघि राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । पूर्वकायममुकायम गभर्नर कृष्णबहादुर मानन्धरका अनुसार नोट चलाउनुअघि ब्याङ्कले नोटको मूल्याङ्कनबराबरको धरौटी राख्नुपर्ने हुन्छ । ब्याङ्कहरूमा धितो राखेर ऋण लिएजस्तै उसले नोट बजारमा पठाउँदा सुरक्षण गर्नुपर्ने व्यवस्था हुन्छ ।

राष्ट्र ब्याङ्क ऐनले सुरक्षण राखेर मात्रै नोट निष्कासन गर्न सक्ने अधिकार केन्द्रीय ब्याङ्कलाई प्रदान गरेको छ । सुनचाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्रका साथै सिक्का र नेपाल सरकारको ऋणपत्रलाई समेत धरौटीका रूपमा राख्न पाइने मानन्धर बताउँछन् ।

'ब्याङ्कले नोट निष्कासन गर्दा सुरक्षण राखेर मात्र निष्कासन गर्ने छ र यस्तो निष्कासित नोटको दायित्व सुरक्षणबापत राखिएको सम्पत्तिको मूल्य बराबर हुने छ,' राष्ट्र ब्याङ्क ऐनको दफा ५२ मा उल्लेख छ । सुरक्षणबापत राखिने सम्पत्तिको कम्तीमा ५० प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्र र विदेशी विनिमय अधिकारपत्र र अरू बाँकी सिक्का, नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र र प्रतिज्ञापत्र वा विनिमयपत्र राख्न सकिने व्यवस्था छ ।

केन्द्रीय ब्याङ्कको मुद्रा व्यवस्थापन विभागका अनुसार हाल राष्ट्र ब्याङ्कसँग ११ खर्ब रुपैयाँबराबरको धितो राख्न सक्ने क्षमता छ । तीमध्ये उसले ८०० अर्ब रुपैयाँबराबरका नोट बजारमा निष्कासन गर्न सक्ने अनुमति सञ्चालक समितिबाट पाएको छ । उपनिर्देशक आचार्यका अनुसार राष्ट्र ब्याङ्कले अहिले ७५५ अर्ब रुपैयाँबराबारका नोटहरू बजारमा निष्कासन गरेको छ ।

**आयु कति हुन्छ?**
नोटको आयु कति हुन्छ भन्ने कुरा यकिन भन्न नसकिने जानकारहरू बताउँछन् । 'नोटको आयु ठ्याक्कै यति हुन्छ भन्ने हुँदैन। तर सामान्यतया दुई वर्षसम्म आयु रहेको देखिन्छ,' राष्ट्र गभर्नरका सहायक सूचना अधिकारी आचार्यले भने । राष्ट्र ब्याङ्ककै तथ्याङ्कअनुसार पछिल्ला वर्षहरूमा डिजिटल भुक्तानी बढ्दै गएको देखिन्छ । 'विद्युतीय भुक्तानीलाई बढाउँदै लगेमा नोटको आयु पनि बढ्छ र व्यवस्थापनमा लाग्ने खर्च पनि घट्दै जान्छ,' आचार्यले थपे । कुनै नोट कति वर्षसम्म टिक्छ भन्ने कुरा तिनको प्रयोग र जतन गर्ने कुरामा निर्भर गर्ने उनीहरूको तर्क छ । धेरै जतनका साथ प्रयोग गर्ने बानी नहुँदा पनि नेपाली नोटहरू छिटै फोहोर हुने र खुइलिने गरेका पूर्वगभर्नर क्षेत्री बताउँछन् ।

उपनिर्देशक आचार्य पनि त्यसमा सहमत देखिन्छन् । 'रङ्ग लगाइदिनेने, कोचेर राख्नेजस्ता प्रवृत्तिले गर्दा पनि नोटहरू छिटै थोत्रा हुने गर्छन् ।' थोत्रा भएका नोटहरू बजारबाट झिकाएर राष्ट्र ब्याङ्कले धुलाइ गरी फेरि प्रयोगमा पठाउने अभ्यास पनि रहिआएको छ । 'तर कामै नलाग्ने भएपछि अर्थ मन्त्रालयसहितको रोहबरमा जलाउने गरिन्छ भने पछिल्लो समय थोत्रा नोटका ब्रिकेट पनि बनाउन थालिएको छ,' क्षेत्रीले भने ।

# पैसा कमाउने स्मार्ट उपायः
# पुँजी बजार लगानीको रहस्य



अचुतकुमार ओझा

पुँजी बजारमा केही अदृश्य रहस्य रहेका हुन्छन् । यसलाई पहिचान गर्नसक्नु नै लगानी सफलताको हो । एकै समय एकथरी लगानीकर्ता बजारमा लाभका हिसाबले उच्च आशा र भरोसा राख्ने गर्दछन्, भने अर्काथरी डर र त्रासले भरिएका हुन्छन् । यसले गर्दा बजारको सूचाङ्क घटबढ भइरहन्छ । बजारको वास्तविक सुन्दरता नै यसको उतारचढाव हो । यही तलमाथि भइरहने बजारको चरित्ररुपी रसीले मान्छेलाई बजारबाट भाग्न दिँदैन, कसेर राखी राखेको हुन्छ । हरेक लगानीकर्तामा पैसाको भोक रहनु सामान्य हो तर त्यसको खुराक भेटाउन सक्ने उर्बर ठाउँ धितोपत्र बजार हुन सक्छ । यसका लागि पैसा कमाउनेभन्दा बनाउन जान्नु आवश्यक छ, पुँजी बजारले कसरी पैसा छाप्छ ? भन्ने जादुमयी रहस्य बुझेपछि मात्रै सम्भव छ ।

बजारमा भएको जोखिम थाहा पाउँदै आफ्नो अध्ययन, क्षमता, सीप र अनुभव बढाउँदै त्यसको न्यूनीकरण गरेर बजारबाट खजना कसरी लिन सकिन्छ ? त्यो बताउनु यसको मुख्य प्रयास हो । धितोपत्र बजारले सीमित आयमा खुम्चिएका र एक किसिमलेभन्दा अभावमा बाँचिरहेका व्यक्तिलाई कसरी अवसर दिन सक्छ ? त्यो अवसरले कसरी आर्थिक सुरक्षाबाट स्वतन्त्रताको स्तरसम्म पु¥याउन सक्छ ? र त्यो रहस्यमयी काम कसरी गरिरहेको हुन्छ ? हरेक व्यक्तिले बुझेर बजारमा डुबुल्की मार्ने हो भने उसले वित्तीय स्वतन्त्रता पाउने पक्का छ । बजारले गर्ने चमत्कारी काम थोरै समय निकालेर अध्ययन गर्ने हो भने सजिलै पहिचान गर्न सकिन्छ । यस्तो भित्री तत्व थाहा नपाई लगानी गर्नेले भन्दा थाहा पाएर गर्नेले धेरै लाभ बजारबाट उठाउन सक्छ, प्रतिस्पर्धाको दौडमा विजेतालाई दिइने पदकको हकदार हुने पक्कापक्की छ ।

पैसा कमाउने विभिन्न स्मार्ट तरिकाहरु हुने गर्छन् । कुनै समय एउटा खर्बपति जन्मन दशकौं लाग्थ्यो तर वर्तमान समयमा एक दुई वर्षमा जन्मनसक्ने भएको छ । यस्तो कसरी सम्भव भयो ? हरेक व्यक्तिमा जिज्ञासा रहनु स्वाभाविक हो । खासगरी प्रविधिको विकास र पैमलँदो धितोपत्र बजारका कारण यो जादु देखिने गरेको छ । बिलिनियर बन्ने थुप्रै स्मार्ट तरिकामध्ये धितोपत्र बजारको महत्व सबैभन्दा माथि छ । यदि हामीले त्यसले कसरी काम गर्छ ? बजारमा कस्तो जादु हुन्छ ? रहस्य के छ ? थाहा पाउन सक्यौं भने धनी हुने बाटो धेरै टाढा रहँदैन । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को तथ्याङ्कलाई हेर्ने हो भने सन् १९९३ मा १५७ विन्दुबाट सुरुआत भएर सन् २००० मा ५४५ विन्दुमा पुग्यो तर त्यसको १८ महिनामा नै बजार १८६ अङ्कमा झर्यो । पुनः सुधार हुँदै सन् २००८ मा ११७५ को विन्दु चुम्न पुग्यो तर २०१२ मा परिसूचक २९८ मा झर्यो ।

सन् २०१६ मा १८८१ विन्दुको शिखर टेक्न सफल भएकामा फेरि २०१६ देखि २०१९ भित्रमा परिसूचक ११०४ मा ओर्लियो । त्यसपछि २०२१ मा लगभग ३२०० अङ्कको सर्वकालीन उच्च विन्दुमा पुग्यो र २०२२ मा आइपुग्दा पुनःलगभग १८०० अङ्कमा सीमित भयो । क्रमशः सुधार हुँदै सन् २०२५ मा आइपुग्दा सूचकाङ्क २७१० को सेरोफेरोमा घुमिरहेको छ । यस तथ्याङ्कले के देखाउँछ भने बजार बुल हुँदा प्रवेश गरेकाहरु पनि अघिल्लो बुलदेखि दोस्रो बुलसम्म धैर्यता राख्न सक्छन् भने बढ्दो बजारको फाइदा नै पाउनेछन् । तथ्याङ्कमा एक बुलदेखि अर्को बुलमा पुग्दा बजारको वृद्धि औसतमा ७० प्रतिशत देखिन्छ । हरेक पटक उच्चविन्दुमा परेकाहरु अर्को पटकको उच्च विन्दुमा निस्कन पाउने हो भने सम्पत्ति ७० प्रतिशत बढ्ने देखिन्छ । आफ्नो लगानीको ६०० प्रतिशत प्रतिफल बजारबाट लिनसक्ने इतिहास विगतको अवस्थाले देखाउँछ ।

सानो रकमबाटै सुरुआत गर्न सकिने ः पुँजी बजार त्यो स्थान हो जहाँ सानो रकमबाट आफ्नो लगानीको यात्रा प्रारम्भ गर्न सकिन्छ । धितोपत्र बजारबाहेक सायद अन्य कुनै ठाउँ छैन जहाँ रु एक हजार लगानी गर्न सकियोस् र प्रतिफलको अपेक्षा राख्न पाइयोस् । रियलस्टेट, यातायात व्यवसाय, मुद्रा बजार वा सुनचाँदीलगायतको उद्यममा यति थोरै लगानीबाट सुरुआत गर्न सम्भव छैन । पुँजी बजार यस्तो स्थान हो, जहाँ सानो रकमदेखि संसारको धनाढ्यको सबै सम्पत्ति लगानी गर्न सकिन्छ । टीका लगाएको दक्षिणा, खुत्रुकेमा राखेको सानोसानो बचत वा आफ्नो बिक्री गरेको पूरा सम्पत्ति थोरैदेखि धेरै सबैखाले रकम पुँजी बजारमा अट्ने गर्छ । आफ्नो हैसियतअनुसार कम चाहिएमा थोरै र बढी चाहिएमा धेरै रकम धितोपत्र बजारमा लगानी गर्न सकिन्छ । यो बजारमा धनीदेखि सामान्य व्यक्ति सबै अट्न र कमाउनसक्ने अवसर रहेको हुन्छ ।

दीर्घकालीन सम्पति सिर्जना ः पुँजी बजार यस्तो स्थान हो जहाँ सही लगानी गर्न सकियो भने पाँच, १० वा २० वर्षको समयमा राम्रो सम्पत्ति बनाउने सम्भावना रहन्छ । खासगरी थोरै पैसाबाट सुरुआत गरेर बजारको खेल सिक्दै र लगानी पैमलाउँदै धनको सिर्जना गर्न सकिन्छ । चाहे त्यो संस्थापक सेयर होस्, प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) वा दोस्रो बजारमा लगानी गर्दै गएमा लामो समयमा सेयर बजारले सम्पत्तिको कम्पाउडिङसमेत गर्नसक्ने हुँदा सेयरमा गरिएको लगानीले दीर्घकालीन सम्पत्ति बनाउन मद्दत गर्छ । संसारका सबै सेयर बजारको इतिहास हेर्ने हो भने लामो समयमा बढेर गएको देखिन्छ, जसले लगानीकर्ताको सम्पत्ति बढाउने र बैंकमा राखेर प्राप्त हुने ब्याजभन्दा उच्च प्रतिफल दिएको तथ्याङ्कहरुले देखाउने गरेको पाइन्छ ।

यसर्थ, सेयर बजारमा गरिएको लगानीले सम्पत्ति बनाउन टेवा पुग्नुका साथै उक्त सम्पत्तिबाट नियमित लाभ लिँदै आर्थिक स्वतन्त्रताको बाटोमा आफूलाई हिँडाउन सहज हुनेछ । नेपालको नेप्सेलाई हेर्ने हो भने करिब २७ वर्षको अवधिमा १५७ अङ्कबाट ३२०० विन्दुमा पुगेको देखिन्छ । यसमा नेप्से परिसूचकको औसत चक्रिय वार्षिक वृद्धि हेर्ने हो भने हरेक वर्ष १४ दशमलव २३ प्रतिशतको देखिन्छ ।

नगदमा तुरुन्त बदल्न सकिने ः धितोपत्र बजारमा गरिएको लगानी संसारको सबैभन्दा छिटो नगद बनाउन सकिने सम्पत्तिमध्ये एक हो । उदाहरणको लागि रियलस्टेट, गाडी, मेसिन वा अन्य सम्पत्तिलाई तत्काल नगदमा बदल्न असम्भव हुने गर्छ तर धितोपत्र बजारका उपकरणहरुलाई सजिलै रुपान्तरण गर्न सकिन्छ ।

पुँजी बजारका औजारहरु (सेयर, डिवेञ्चर, बण्ड र हकप्रद सेयर, म्युचुअल फण्ड आदि) जति छिटो अन्य व्यवसाय वा सम्पत्तिलाई नगदमा परिवर्तन गर्न सम्भव छैन । मानिसलाई चाहिने आपत्कालीन कोषदेखि भैपरी आउने खर्चसमेत धितोपत्र उपकरणमा लगानी गरेर राखिएको छ भने पनि चाहिएको समयमा बिक्री गरेर आवश्यक रकम निकाल्न सकिन्छ । चाहिएको समयमा नगदमा बदल्नुपर्ने पैसासमेत धितोपत्र बजारमा लगानी गर्नु उपयुक्त हुनसक्ने देखिन्छ । खासगरी लगानी गरिरहेको समयमा कुनै नयाँ र उच्च मुनाफामुखी अवसर प्राप्त हुन आएमा तरलताकै अभावमा त्यस्ता आयोजना छोड्नुपर्ने अवस्था आउँदैन ।

उच्च प्रतिफलको सम्भावना हुने ः धितोपत्र बजार सम्भावना र जोखिमको क्षेत्र हो । यदि बजारको राम्रो अध्ययन, विश्लेषण र अभ्यास गर्नसक्ने हो भने नसोचेको लाभ लिन सकिन्छ । एकपटक लगानी गरेपछि वर्षौंसम्म प्रतिफल लिन सकिन्छ । धितोपत्रमा गरेको लगानीबाट बोनस, हकप्रद र नगद लाभांश लिन सकिन्छ । बजार बढ्दै गर्दा र आफूले किनेको कम्पनीको मूल्य खरिद गरे भन्दा उच्च हुँदै जाँदा बढीमा बिक्री गरेर पुँजीगत लाभसमेत लिन सकिन्छ । बजारमा वृद्धि र गिरावटको चक्र चलिरहेकै हुन्छ । न्यूनविन्दुको आसपास खरिद र उच्चविन्दुको छेउछाउ बिक्री गर्नसक्ने सीप र कला यदि लगानीकर्ताले आफूमा विकास गर्न सक्ने हो भने बजारबाट नसोचेको लाभ लिनसक्ने अवस्था बन्छ । सही समयमा ठीक लगानी गर्नसक्ने क्षमता आफूमा विकास गर्नसक्ने हो भने बजारबाट उच्च प्रतिफल पाउने निश्चित छ ।

मालिक बन्ने अवसरः सेयर खरिद गर्नु भनेको केबल लगानी गर्नुमात्रै होइन, बरु आफूले खरिद गरेको सेयर बराबर सम्बन्धित कम्पनीको स्वामित्व प्राप्त गरेर स्वामी बन्नु पनि हो । जो व्यक्ति आफैँ कम्पनी खोलेर व्यवसाय निर्माण गर्न सक्दैन वा भ्याउँदैन तर कम्पनीको मालिक बनेर उद्यम गर्न चाहन्छ भने त्यस्ता व्यक्तिका लागि कम्पनीमा जोडिने र आम्दानीको स्रोत विस्तार गर्ने उपयुक्त माध्यम नै सेयर बजार हो अर्थात् सेयरको खरिद गर्नु हो । यसैले सेयर किन्नु भनेको कम्पनीको निश्चित हिस्सा खरिद गर्नु हो । सेयर बजारले कम्पनी खडा गर्न नसक्नेलाई सेयर हिस्सा किनेर पनि मालिक बन्नसक्ने अवसर प्रदान गर्दछ । एउटा सेयर धनीले चाहेमा प्रतिस्पर्धाबाट छनोट हुँदै सञ्चालकसम्म बन्नसक्ने अवसर सेयर बजारले दिन सक्छ । यस कारण पुँजी बजार लगानीको अवसर मात्रै नभई कम्पनीको नेतृत्व गर्ने आधारस्तम्भ पनि हो ।

आफ्नो पेसा तथा व्यवसायसँगै गर्न सकिने ः सेयर बजारमा लगानी गर्नका लागि लगानीकर्ताले गरिरहेको रोजगारी, उद्यम वा व्यवसाय छोडेर समय दिइरहनु पर्दैन । यसका लागि अन्य पेसा तथा व्यवसायलाई निरन्तरता दिएर नै लगानी गरिराख्न सकिन्छ । पुँजी बजारमा प्रवेश र कारोबार गर्नका लागि आफ्नो भइरहेको पेसा व्यवसायले कुनै अवरोध र बाधा पुर्याउँदैन । बरु धितोपत्र बजारमा लगानी गरिरहेका व्यक्तिले चाहेमा नयाँ पेसा वा व्यवसाय गर्नका लागि कुनै रोकतोक रहँदैन । सेयर बजारमा गरिने लगानी र व्यवसायसँगै गर्न सकियो भने लगानी विविधीकरण हुने र आम्दानीका नयाँ स्रोतसमेत प्राप्त हुने देखिन्छ । आफूले सञ्चालन गरिरहेको वा गर्न चाहेको व्यवसायलाई निरन्तरता दिँदै साथमा पुँजी बजारमा गरिने लगानीलाई अगाडि बढाउन सकियो भने एउटा क्षेत्रमा नोक्सान हुँदा अर्को क्षेत्रमा प्राप्त हुने मुनाफाले आफ्नो व्यवहार सञ्चालन गरी राख्न सकिन्छ ।

अनलाइनबाट कारोबारः विगतका समयहरुमा धितोपत्रमा लगानी गर्दा खासगरी प्रारम्भिक सार्वजनिक निष्कासनमा आवेदन दिनुपर्दा घण्टौंसम्म लामो लाइनमा उभिएर फाराम भर्नुपथ्र्यो भने भौतिकरुपमा सशरीर आफैँ उपस्थित हुनुपर्ने स्थिति थियो । दोस्रो बजारमा कारोबार गर्दा धितोपत्र दलाल कम्पनीमा जानुपर्ने र खरिद वा बिक्रीका लागि आवश्यक आदेश फाराम भर्ने गर्नुपथ्र्यो । अहिले यी दुवै समस्याको समाधान भइसकेको छ । आइपिओमा मेरो सेयर, सिआस्वा, डिम्याट, बैंक खाता र प्यान नम्बर भएपछि आफू बसेको स्थानबाट नै अनलाइनमार्फत आवेदन गर्न सकिन्छ ।

यस्तै दोस्रो बजारमा कारोबार गर्न टे«ड म्यानेजमेन्ट सिस्टम (टिएमएस) खाता खोल्नुपर्ने हुन्छ । यस्तो खाता खोलिसकेपछि उक्त खातामार्फत आफूसँग भएको धितोपत्रलाई बिक्री गर्न सकिन्छ भने आवश्यक कोल्याटर जम्मा गरेर धितोपत्रको खरिद गर्न पनि पाइन्छ । यसका लागि लगानीकर्ता ब्रोकरको कार्यालय धाइरहनु पर्दैन । पहिलाको जस्तो ब्रोकरले आफ्नो आदेश राखिदियो दिएन भन्ने कुनै दुविधा पनि रहँदैन, अहिले आफैँले सिधै आदेश टिएमएस प्रणालीमा राख्नसक्ने भएकाले आफू जहाँ भए तापनि धितोपत्रको कारोबार गर्न सकिन्छ । यसरी खरिद गरेको धितोपत्रको भुक्तानी गर्नुपरेमा वा बिक्री गरेको धितोपत्रको रकम प्राप्त गर्नुपरेमा डिजिटल बैंकिङमार्फत गर्न सकिने भएकोले स्वदेश वा विदेश जहाँ रहेर पनि धितोपत्र कारोबार गर्न सकिने अवस्था बनेको छ ।

निष्क्रिय आयः हरेक मानिसले जीवनमा समय र वित्तीय स्वतन्त्रता खोज्ने गर्दछन् । यी दुवै स्वतन्त्रताको मूल स्रोत तपाईं निष्क्रिय आयमा (पेपर एसेष्ट, रियलस्टेट, कमोडिटी, सिस्टम व्यवसाय आदि) भर पर्छ । जबसम्म सक्रिय आयमा (आत्मनिर्भर, स्वरोजगारी वा रोजगारी) हाम्रो आम्दानी सीमित रहन्छ, तबसम्म समय र वित्तीय स्वतन्त्रताको स्वाद लिन सकिँदैन । यसरी आफ्नो समय र जवानी सुम्पिएर गरिने आयमा खुम्चिएर रहनुभन्दा त्यस्ता सक्रिय आयलाई निष्क्रिय आयमा बदल्न जानियो र सकियो भने जीवनको सुख र खुसी थाहा पाउन सकिन्छ । यस्तो निष्क्रिय आय बढाउँदै लैजाने एक उत्तम उपाय हामीले प्राप्त गरेको सक्रिय आयलाई क्रमशः निष्क्रिय आय दिने सम्पत्तिमा लगानी बढाउँदै लैजानु हो । यस्ता सम्पत्ति मध्य पुँजी बजार सबैभन्दा उपयुक्त रहने गरेको देखिन्छ । सेयर बजारमा थोरैबाट सुरुआत गर्न सकिन्छ भने ठूलो धनराशिलाई पनि लगानी गर्न पाइन्छ । यसरी गरेको लगानीले लगानीकर्तालाई निरन्तर लामो समय नगद, बोनस, हकप्रद वा पुँजीगत लाभका रुपमा निष्क्रिय आय दिइरहने गर्दछ । विश्वका धनीहरुको सबैभन्दा बलियो हतियार नै निष्क्रिय आय हो । जहाँ दैनिक कुनै पेसा वा व्यवसायमा उपस्थित भए जसरी हाजिर भैरहनु पर्दैन आफ्नो अनुकूल समयमा अध्ययन र मेहनत गर्न सकिन्छ । निष्क्रिय आय बढ्दै जाँदा मान्छेलाई रोबर्ट कियोसाकीले 'धनी बुबा गरिब बुबा' मा भने जस्तै दैनिक १०–५ बजेको 'र्याट रेस' बाट मुक्ति प्राप्त हुन्छ तर पनि प्रतिफल भने दिइ नै रहन्छ ।

सम्पत्ति सुरक्षामा खर्च नहुने ः कैयौं क्षेत्रमा हुने लगानीमा लगानीकर्ताले आफ्नो सम्पत्तिको रक्षाका लागि ठूलोमात्रामा धनराशि खर्च गर्नुपर्ने हुन्छ । यदि त्यसो गरिएन भने हराउने, टुटफुट हुने, नासिएर जाने वा चोरी हुनेजस्ता समस्या आउनसक्छ । खासगरी भौतिक सम्पत्तिमा भएको लगानी संरक्षणका लागि कहिलेकाहीँ उक्त सम्पत्तिले दिने प्रतिफलभन्दा पनि धेरै व्ययभार लाग्ने गरेको पाइन्छ । तर धितोपत्रमा गरिएको लगानी एक अभौतिक सम्पत्ति भएकाले यसको सुरक्षामा खासै खर्च लाग्ने गर्दैन । यो चोरी भएर वा हराएर जाने, आगलागी वा प्राकृतिक प्रकोपले नाश हुने, यसलाई राख्नका लागि ठूलो स्थान चाहिनेजस्ता समस्या रहँदैन । केबल कारोबारका लागि आफूमा ज्ञान, सीप र अनुभव बढाउनसक्ने हो भने पुँजी बजारबाट प्राप्त सम्पत्ति संरक्षणको लागि कुनै जोखिम लिनु पर्दैन ।

लगानीमा विविधीकरणः सफल लगानीकर्ताले विभिन्न क्षेत्रमा लगानी गरिरहेका हुन्छन् । आफूसँग भएको पैसालाई पनि एउटै क्षेत्रमा नभई फरक क्षेत्रमा लगानी गर्न सक्ने हो भने जोखिम न्यूनीकरण र प्रतिफलको थप अवसर प्राप्त हुने देखिन्छ । यसैले लगानीकर्तालाई आफ्नो पुँजी सुरक्षित र बढी प्रतिफलमुखी बनाउनका लागि लगानी विविधीकरणको अवसर धितोपत्र बजारले उपलब्ध गराउँछ । खासगरी धितोपत्र बजारमा धेरै किसिमका उपकरणहरु जस्तैः सेयर, डिवेञ्चर, बोण्ड, हकप्रद सेयर र म्युचुअल फण्ड आदि हुनेहुँदा आफ्नो क्षमता र योग्यताअनुसारको औजारमा लगानी गर्न सकिन्छ ।

यस्तै सेयरमा लगानी गर्दा पनि फरक क्षेत्र (बैंक तथा वित्तीय, उत्पादन मुलक, विद्युत् र होटल आदि) का कम्पनीहरुको छनोट गरी लगानी विविधीकरण गर्न सकिन्छ । सेयर बजारले लगानी विविधीकरणमार्फत लगानीकर्तालाई कम जोखिममा धन प्राप्त गर्न मद्दत गरिरहेको हुन्छ ।

चक्रिय वृद्धिः लगानीमा चक्रीय वृद्धि भनेको कुनै ठाउँमा गरिएको लगानीबाट प्राप्त लाभांशलाई पुनः त्यसै क्षेत्रमा लगानी बढाउँदै क्रमशः प्रतिफल बढाउँदै जाने र त्यसबाट प्राप्त आयलाई पुनःलगानी गर्ने, यस क्रमलाई निरन्तर लामो समयसम्म प्रयोग गरियो भने सम्पत्ति द्रुतगतिमा बढाउन सकिन्छ । यसले लगानी र मुनाफालाई झन छिटो बढ्न मद्दत गर्दछ । यसको बलियो उदाहरण वारेन्ट बफेटको लगानी रणनीतिलाई लिन सकिन्छ । बफेटले लगानीमा उच्च प्रतिफलभन्दा उचित प्रतिफलमा जोड दिए भने आठ दशकदेखि निरन्तर विनाविश्राम लगानी गरिरहेका छन् । उनलाई थाहा छ, लगानीमा सबैभन्दा शक्तिशाली भनेको समय हो, समयको सहयोगमा चक्र वृद्धिमामार्फत अथाह धन जोड्न सम्भव छ । यसैका कारण दशकौंदेखि विश्वका १० धनीमध्ये एकमा आफूलाई टिकाइराख्न सफल भएका छन् ।

यस क्षेत्रमा थोरै रकम पनि लगानी गर्न सकिने भएकाले पहिला लगानी गरिएको पुँजीबाट प्राप्त लाभांशलाई पुनःसेयरमा नै लगानी गर्न सकिन्छ, त्यो रकमले पनि पैसा कमाउन थाल्छ, जसले गर्दा सम्पत्ति झन् छिटो बढ्छ । अल्बर्ट आइस्टाइनले भने जस्तै संसारको आठौं आश्चर्य अर्थात् चक्रीय वृद्धिले तपाईंको वासलतमा रहेको सम्पत्ति कोलमको योगफल बढोत्तरीमा जादुमयी काम गर्न थाल्नेछ, जुन अपत्यारिलो लागे तापनि यथार्थ हुनेछ । यति मात्रै होइन, सेयरको मूल्य समयसँगै बढ्ने भएकाले मुद्रास्फीतिको असरबाट पैसा जोगाउन र त्यसलाई जित्न सहयोग गर्छ ।

यसरी पुँजी बजारमा गरिने लगानीले सिधा खालको प्रतिफल मात्रै नभई अप्रत्यक्ष लाभहरु दिइरहेको हुन्छ । समुन्द्रमा जानेले जस्तो भाँडा बोकेर जान्छन् त्यतिनै पानी पाउँछन् भने जस्तै धितोपत्र बजारमा पनि जसले जस्तो ज्ञान र सीप प्रयोग गर्छ सोही बमोजिमको प्रतिफल भेटिने निश्चित छ । यसैले हरेक लगानीकर्ताले बजारमा लगानी गर्नुपूर्व पैसा बनाउने रहस्य बुझ्न जरुरी छ । सम्पति निर्माणमा बजारले कसरी काम गरी रहेको छ ?

थाहा पाएर लगानीको यात्रालाई आरम्भ गर्नसक्ने हो भने लक्ष्यसम्म पुग्ने बाटो पहिलाउन खास समस्या छैन । यसैले धन कमाउने रहस्य धितोपत्र बजारमा छ । यसका लागि आफूलाई सधैँअब्बल बनाइराख्न आफ्नो योग्यता, अनुभव, अध्ययन र सिकाइलाई चम्काइराख्न खाँचो देखिन्छ ।

# दुई दिनदेखी सरसफाइकर्मी काम छाडेर धर्नामा बस्दा नगरको फोहर संकलन प्रभावित

**मनोज माझी**
**सप्तरी ।**
दुई दिनदेखि काम बन्द गरी सरसफाइकर्मी आन्दोलनमा उत्रेपछि राजविराज नगरक्षेत्रको फोहर संकलन कार्य बन्द भएको छ । फोहर नउठ्दा बजारक्षेत्र दुर्गन्धीत बन्न पुगेको छ । गत असार महिनाको १७ दिनको बक्यौता तलब पाउनु पर्ने माग राख्दै अघिल्लो दिन बिहीवारदेखि राजविराज नगरपालिकाका सरसफाइकर्मीहरु काम बन्द गरी धर्नामा बसेका हुन । कार्यालयका योजना फाँटका अधिकृत मनोज यादवका कारण आपृm ुहरुले समयमा तलब पाउन नसकेको उनीहरुको गुनासो छ । सरसफाइकर्मीहरु काम छाडेर आन्दोलनमा उत्रेपछि नगरक्षेत्रको फोहरमैला व्यवस्थापन गर्न समस्या उत्पन्न हुने देखेर शुक्रवार कार्यवाहक नगर प्रमुख इसरत परवीनको पहलमा कार्यपालिकाको बैठकबाट निर्णय गरि उनीहरुको बाँकी तलब तत्काल भुक्तानि गरिएको छ । जसबाट आन्दोलनरत सरसफाइकर्मीहरु



उत्साहित भएका छन् । तर, तलब पाएपनि आन्दोलनरत सरसफाईकर्मीहरुले पुनः अर्को माग राखी धर्ना कार्यक्रमलाई निरन्तरता दिएका छन् । उनीहरुले योजना शाखाका प्रमुख मनोज यादवले आपृm ुहरुलाई समय मै तलब खुवाउन अवरोध गरेको, गाली गलौज र दुव्र्यवहार गरेको भन्दै निजलाई सरुवा गर्नू पर्ने माग राखेर आन्दोलनलाई निरन्तरता दिएका छन् । सरसफाइकर्मी युनियनका अध्यक्ष मनोज मेहतरले योजना अधिकृतले बेलैमा तलब खुवाउन असहयोग गरेको तथा धर्नामा बस्दा आफुहरुलाई गाली बेइज्जत गरेको गुनासो गर्दै निजलाई अन्यत्र सरुवा नगरे सम्म काममा नफर्कने अडान राखेका छन् । राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले योजना अधिकृत यादवकै कारण नरपालिकामा समस्या उत्पन्न हुने गरेको सुनाइन् । उनले सरसफाइकर्मीसंग मात्र नभई योजना अधिकृत यादवले आफुलाई समेत गाली बेइज्जत र कार्यालयमा उपद्रव मच्चाएको बताइन् । दुई दिनअघि अधिकृत यादवले केही बाहिरी गुण्डाहरु ल्याएर आफ्नो कार्यकक्षमा प्रवेश गरि तोडफोड र गाली गलौज गर्दै उपद्रव मयाएपछि आफुले उनीविरुद्ध प्रहरीमा उजुरी दिएको समेत जानकारी दिइन् । उनले नगरपालिकाका सरसफाइ कर्मचारी काम छोडेर आन्दोलनमा उत्रेपछि बजार क्षेत्रका फोहर उठाउन समस्या भएको भन्दै समस्या समाधानका लागी आफुहरुले आवश्यक पहल गरिरहेको जानकारी दिइन् । उनले सरसफाइकर्मीहरुले आफुहरुमाथी दुव्र्यवहार र गाली बेइज्जत गर्ने योजना अधिकृत यादवलाई सरुवा तथा नीजले गल्ती स्वीकार गरी माफी नमागेसम्म काममा नफर्किने अडान राखेकाले समस्या थपिदै गएको बताइन् । उनले नगरपालिकाको प्रत्येक फाँटमा अनावश्यक हस्तक्षेप गर्ने र वेला वेलामा उपद्रव मचाई सेवा प्रवाहलाई प्रभावित बनाउने योजना अधिकृतलाई कारवाहीका लागी सम्बन्धित निकायमा पहल भईरहेको जानकारी समेत गराएकी छन् ।

# नौ कर्मचारीको सरुवा

**मधेशदृष्टि**
**बीरगंज**
गृह मन्त्रालयले सहसचिव तीर्थराज भट्टराईसहित ९ कर्मचारीलाई सरुवा गरेको छ । भिजिट भिसामा बदमासी गरेको उजुरी परेका कर्मचारीलाई सरुवा गरिएको हो । बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अध्यागमन अधिकृत एवम् सह सचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा पर्नुअघि गृहमन्त्री रमेश लेखकले उनको सरुवा गरेर मन्त्रालय तानेका थिए । भिजिट भिसामा शंकास्पद गतिविधि गरेका अन्य आठ जनाको सरुवा गरिएको छ ।
प्रेमप्रसाद पौडेलको जिल्ला प्रशासन कार्यालय काठमाडौँ, वीरभद्र जोशीको जिल्ला प्रशासन कार्यालय काठमाडौँ, तथा नरबहादुर थापाको जिल्ला प्रशासन कार्यालय बाँकेमा सरुवा गरिएको छ । तीनै जना र नायब सुब्बा पदमा कार्यरत थिए । सहायक कम्प्युटर अपरेटरका रुपमा कार्यरत कर्मचारीहरु कमला श्रेष्ठसहित कम्प्युटर अपरेटर उदेन सुवेदी, प्रदीपकुमार यादव, पवन गुरुङ, र धनराज उपाध्यायको कारागार व्यवस्थापन विभाग वा अन्तर्गत हुनेगरी सरुवा गरिएको छ । गृह मन्त्रालयका कर्मचारी प्रशासन महाशाखा प्रमुख सह सचिव छवि रिजालले आठ जनालाई सरुवा गरेका हुन् ।

# परोहा–७ मा २५ लाख लागतमा सडक ढलान शुरु लोसपा नेता पटेलद्वारा शिलान्यास

**आरके श्रीवास्तव**
**रौतहट ।**
भौतिक पूर्वाधार विकास मन्त्रालयको सहयोगमा रौतहटको परोहा नगरपालिका–७ मा २५ लाख रुपैयाँको लागतमा सडक ढलान कार्य शुरु गरिएको छ ।
सो सडक निर्माणको शिलान्यास लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका मधेश प्रदेश सचिव एवम् परोहा नगरपालिकाका मेयर प्रत्यासी ओमलोक पटेलले एक कार्यक्रमकाबीच गरेका हुन् ।
शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै सचिव पटेलले भने, 'स्थानीय तहको



समुचित विकास बिना समृद्धि सम्भव छैन । जनताको प्रत्यक्ष सुविधा हुने पूर्वाधार निर्माणमा हामी प्रतिबद्ध छौं ।
यो सडक ढलान परियोजना परोहाका बासिन्दाको लागि सुविधा र गर्वको विषय हो ।' उनले थपे, 'मधेशका प्रत्येक वस्तीमा बाटो, बिजुली, पानी र शिक्षा स्वास्थ्य जस्ता आधारभूत पूर्वाधार पु¥याउने हाम्रो लक्ष्य हो । हामी जनतासँग गरेका वाचा पूरा गर्दै अघि बढिरहेका छौं ।'
सडक ढलान सम्पन्न भएपछि सो क्षेत्रका स्थानीय बासिन्दाहरूले आवागमनमा सहजता पाउने र वर्षायाममा देखिने समस्याहरूको समाधान हुने विश्वास लिइएको छ । परियोजना चालू आर्थिक वर्ष भित्र सम्पन्न गरिने उनले जानकारी गराएका हुन् ।
कार्यक्रममा स्थानीय प्रतिनिधि, समाजसेवी तथा बासिन्दाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# 'आपन भाषा आपन पहचान' अभियान सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको भोजपुरी प्रतिष्ठानले सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लक्षित गर्दै 'आपन भाषा आपन पहचान' अभियान सञ्चालन गरेको छ ।
अभियानअन्तर्गत शुक्रबार कन्या माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा प्रतिष्ठानका सल्लाहकार प्रमोद पाण्डेले मधेशमा भोजपुरी भाषाको प्रचलन र यसको महत्वको बारेमा प्रकाश पार्दै सबैलाई आफ्नो मातृभाषाको विकासमा योगदान पुर्याउन आह्वान गरे । प्रतिष्ठानका सदस्य मुकेश महतो नुनियाले भोजपुरी लोक चित्रकलाको महत्व र यसलाई संरक्षण गर्ने उपायहरूको बारेमा जानकारी दिए । उनले विद्यार्थीहरूलाई चित्र कोर्ने सजिलो उपायबारे प्रयोगात्मक जानकारी दिए । कार्यक्रममा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# निर्माण उद्योग परिषद् पर्साको प्रथम अधिवेशन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले निकट नेपाल निर्माण उद्योग परिषद् पर्साको प्रथम जिल्ला अधिवेशन शुक्रबार वीरगंजमा सम्पन्न भएको छ ।
कार्यक्रममा परिषद्का केन्द्रीय अध्यक्ष वली भद्र राना, महासचिव राम शरण देउजा, उपमहासचिव पुष्कर न्यौपाने, कार्यालय सचिव बालकृष्ण बुढाथोकी र नेपाल निर्माण व्यवसायी संघ पर्साका अध्यक्ष सुरेश कुर्मीले शुभकामना मन्तव्य व्यक्त गर्दै अधिवेशनको सफलताको कामना गरे । अधिवेशनले जले आलम अन्सारीको अध्यक्षतामा नेपाल निर्माण उद्योग परिषद् पर्साको नयाँ नेतृत्व चयन गरेको छ । उपाध्यक्षमा वीरेन्द्र कुर्मी, सचिवमा भगवान प्रसाद कुर्मी, कोषाध्यक्षमा सन्तोष कुमार गुप्ता चयन भएका छन् । त्यस्तै, सदस्यहरूमा पन्नालाल राउत, सुरेश प्रसाद कुर्मी, विनोद कुमार यादव र चन्द्रशेखर प्रसाद यादव रहेका छन् । नवगठित नेतृत्वले निर्माण व्यवसायीहरूको हकहितको संरक्षण र निर्माण क्षेत्रको व्यवस्थित विकासका लागि काम गर्ने प्रतिबद्धता जनाएको छ ।

# एक दिवसीय भक्ती सत्सङ्गको भव्य आयोजना

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको प्रसिद्ध धर्मगुरु तथा वृन्दावनस्थित गौरी गोपाल आश्रमका संस्थापक श्री अनिरूद्धाचार्य जी महाराजको एक दिवसीय भक्ती सत्सङ्ग तथा प्रवचन कार्यक्रम भारत विकास परिषद् रक्सौल शाखाको आयोजनामा भव्य रूपमा सम्पन्न भएको छ ।
संस्कार प्रकल्प अन्तर्गत आयोजना गरिएको कार्यक्रम रक्सौलको लक्ष्मीपुरस्थित वाई.एस. रिसोर्टमा सम्पन्न भएको हो । प्रवचनका क्रममा श्री महाराजले मानव सेवा, मातापिताको सेवा र राष्ट्र सेवालाई सबैभन्दा ठूलो धर्मको रूपमा व्याख्या गरे । साथै, समाजमा विद्यमान छुवाछुत, जातीय विभेद र अन्य कुरीतिहरू विरुद्ध जनचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याए । उनले देशको एकता, अखण्डता र सार्वभौमिकताको रक्षामा सबैलाई सजग रहन आग्रह पनि गरे ।

# सचेतना सभा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
महिला हिंसा विरुद्ध आवाज बुलन्द गर्न आमा नेपाल फाउन्डेशनको आयोजनामा वीरगंज महानगरपालिका वडा नं. १६ स्थित अमर चोक (बुखार चोक)मा सचेतना सभा सम्पन्न भएको छ । महिला हिंसा विरुद्धको जनचेतना सप्ताहा अन्तर्गत आयोजित उक्त कार्यक्रम वीरगंज वडा नं. १६ को सहकार्यमा सम्पन्न गरिएको हो । कार्यक्रममा विभिन्न प्रस्तुति र गतिविधिहरूमार्फत जनचेतना फैलाइएको थियो । जिल्ला प्रहरी कार्यालय, महिला सेलको तर्फबाट महिला हिंसासम्बन्धी वृत्तचित्र प्रदर्शनी गरियो ।
वीरगंज नर्सिङ क्याम्पसका विद्यार्थीहरुद्वारा महिला हिंसा विषयक नाटक प्रस्तुत गरिएको थियो । नाटकको थीम 'मधेशमा दाइजो प्रथा' मा आधारित थियो । नेपाल काराते संघ, मोठिया डोजो, रानीघाटको टोलीले महिला आत्मरक्षा प्रदर्शन (डेमो) प्रस्तुत गर्यो ।

# कााँग्रेस नेतृ साहको अन्तिम बिदाई

**मधेशदृष्टि**
**सप्तरी ।**
काग्रेस नेतृ मालती देवी साह (स्वर्णकार) को शुक्रबार कोशीघाटमा अन्त्येष्टी गरिएको छ ।
उनलाई अन्तिम बिदाई र श्रद्धाञ्जली व्यक्त गर्न स्थानीय नेता÷कार्यकर्ता र शुभेच्छुकको निवास स्थालमा भीड लागेको थियो ।
राजविराज–४ निवासी ७१ वर्षीया साहको दुई दिनअघि उपचारकै क्रममा स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा निधन भएको थियो । उनी केही समय यता अस्वस्थ्य रहदै आएको परिवारजनले जनाएको छ । २०५२ सालमा उनी नेपाल महिला संघ सप्तरीको अध्यक्ष भई राजनीतिमा सक्रिय थिइन् । उनको निवासमा महाधिवेशन प्रतिनिधि मालती चौधरी, शुशिल सेवा, प्रदेश २ (ख) का उपसभापति अजय सिंह, युवा नेता इरसाद अन्सारी लगायतले पार्टीको झण्डा ओढाएर सम्मान गरेपछि उनको पार्थिव शरीर हनुमाननगर कंकालिनी नगरपालिकास्थित कोशी किनारको कोशी घाटमा पुर्याइएको थियो । जहाँ जेठा छोरा राजेश साह 'पिन्टु' ले दागवत्ति दिए । नेपाली काँग्रेस सप्तरीले उनको निधनप्रति गहिरो दुःख तथा समवेदना प्रकट गरेको छ । सचिव सनत मण्डलले शुक्रबार एक शोक वक्तव्य जारि गर्दै महिला नेतृ साहको निधनले पार्टीलाई अपुरणीय क्षति पुगेको समेत उल्लेख गरेका छन् ।

# भावी यात्राका लागि शुभकामना

**मधेशदृष्टि**
**वीरगंज ।**
ममता विधा मन्दिर कलेज वीरगंजले कक्षा १२ का विद्यार्थीहरूको सम्मानमा एक कार्यक्रमको आयोजना गर्दै शिक्षार्थीहरूको भावी यात्राका लागि शुभकामना व्यक्त गरेको छ । कार्यक्रम वीरगंजस्थित टाउनहलमा सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता संस्थापक शम्भु प्रसाद गुप्ताले गरेका थिए भने प्रमुख अतिथि वीरगंज उद्योग वाणिज्य संघ पर्साका अध्यक्ष हरि प्रसाद गौतम थिए । संस्थापक गुप्ताले कार्यक्रमलाई सम्बोधन गर्दै कलेजले विगत १४ वर्षदेखि माध्यमिक तहमा र पछिल्लो एक वर्षदेखि कलेज तहमा समेत गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताए ।

# केही घण्टाभित्रै चोर पक्राउ



**मधेशदृष्टि**
**सप्तरी ।**
प्रहरीले सक्रियता देखाउँदा बैंकको सुरक्षा गार्ड बस्ने कोठाबाट हतियार र सरसामानसहित चोरी गरि फरार भएका चोर केही घण्टाभित्रै पक्राउ परेको छ । चोर पक्रन प्रहरीलाई बैंकभित्र जडान गरिएको सीसीटिभी क्यामरा फुटेजले पनि सघाएको छ । प्रहरीका अनुसार बिहीबार मध्यराती सप्तरीको खडक नगरपालिका–७ स्थित नेपाल बैंक लिमिटेडको कल्याणपुर शाखामा चोरी भएको थियो । चोरले कम्प्युटर स्क्यानर दुई थान, ल्यापटप दुई थान, खुकुरी दुई थान, सर्ट गनमा लाग्ने कार्टिज २० राउण्ड, एक नाले १२ बोरको हतियार, सिमकार्ड एक थान, घडी दुई थान, मोवाईल पाँच थान, मिनि स्पीकर एक थान र डिजिटल तराजु लगायतका सामाग्रि चोरेर लगेका थिए । बैंकको सुरक्षा गार्ड सप्तरीको शम्भुनाथ नगरपालिका–७ का ३९ बर्षीय प्रमोद चौधरी र कञ्चनरुप नगरपालिका–५ का ४४ बर्षीय परशुराम चौधरी दुवैजना बैंकको सुरक्षा गार्ड कोठामा सुतिरहेका बेला दराजबाट चोरले उक्त परिमाणको सामान चोरी गरि लगेका थिए । घट्नापश्चात् प्रहरीले बैंकमा जडान गरिएको सिसिटिभि क्यामरा फुटेज नियाल्दै अनुसन्धान अगाडी बढाएको थियो । सोही क्रममा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको टोलीले सिरहा प्रहरीको सहयोगमा शुक्रबार बिहान ३ बजेतिर एक जनालाई पक्राउ गर्न सफल भयो । पक्राउ परेका व्यक्ति सप्तरीको खडक नगरपालिका वडा नम्बर–६ बिरपुर घर भएका २० बर्षीय अपसाद अन्सारी रहेको प्रहरीले जनाएको छ । अन्सारीलाई सिरहा प्रहरीको सहयोगमा चोरी भएका सामानसहित लहानबाट नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

# गाँजासहित एक पक्राउ



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी प्रहरीले हनुमाननगर राजविराज सडक खण्डबाट शुक्रबार एक व्यक्तिलाई लागुऔषध गाँजासहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको तिरहुत गाउँपालिका वडा नं. ४ बस्ने ३८ वर्षीय मो. सजित छन् । तिलाठी कोईलाडी गाउँपालिका–८ तोपा चोकस्थित इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको प्रहरी टोलीले पैदल हिँडिरहेका मो. सजितलाई शंका लागि चेकजाँच गर्दा उनको साथबाट पाँच किलो प्रतिबन्धित लागुऔषध गाजा बरामद भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार सजितले बोकेको झोलाभित्र सेतो प्लाष्टिकमा उक्त लागूऔषध गाँजा फेला परेकोले उनलाई सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान कार्य भइरहेको छ ।

# सरकारलाई जनकपुर चुरोट कारखाना लगायत पाँच सार्वजनिक संस्थान खारेज गर्न सिफारिस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले लामो समयदेखि पूर्ण रूपमा बन्द अवस्थामा रहेका जनकपुर चुरोट कारखानालगायत घाटामा चलिरहेका पाँच वटा सार्वजनिक संस्थानलाई खारेज गर्न उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सिफारिस गरेको छ । आयोगले बिहीबार प्रस्तुत गरेको प्रतिवेदनमार्फत जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इन्जिनियरिङ कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रालिलाई खारेज गरी तिनका नाममा रहेका अचल सम्पत्तिहरू सरकारको स्वामित्वमा ल्याउन सिफारिस गरेको हो । आयोगका अनुसार यी संस्थानहरू वर्षौंदेखि उत्पादन र व्यावसायिक सञ्चालन गर्न असफल भएका छन् । त्यस्ता संस्थालाई कृत्रिम रूपमा जीवित राख्न ठूलो मात्रामा सरकारी सहयोग दिइएको भए पनि आर्थिक र प्रशासनिक रूपमा यिनीहरू टिकाउ हुन सकेका छैनन् । आयोगले खारेज गरिने संस्थानहरूको नाममा रहेका जग्गा तथा भवनजस्ता अचल सम्पत्तिहरूलाई उत्पादक प्रयोजनमा उपयोग गर्न सरकारलाई सिफारिस गरेको छ । 'यी सम्पत्तिहरूलाई आर्थिक उत्पादन, पूर्वाधार निर्माण वा निजी क्षेत्रको साझेदारीमा लगानीका क्षेत्रमा प्रयोग गर्नु उपयुक्त हुन्छ,' प्रतिवेदनमा उल्लेख छ ।

आयोगले हेटौँडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (ड्यु डिलिजेन्स अडिट) गरी गाभ्नुपर्ने तथा केही हिस्सामा मात्र सरकारको स्वामित्व कायम राखी बाँकी हिस्सा निजी क्षेत्रलाई सेयरमार्फत बिक्री गर्नुपर्ने सिफारिस गरेको छ । नेपाल वायुसेवा निगमबारे आयोगको धारणा झनै स्पष्ट छ । आयोगले निगमको पूर्ण पुनर्संरचना गरी रणनीतिक अन्तर्राष्ट्रिय साझेदार भित्र्याउने र निश्चित समयका लागि विदेशी व्यवस्थापन ल्याएर निगमलाई व्यवसायिक बनाउन सुझाव दिएको छ । 'नेपाल वायुसेवा निगमलाई दीर्घकालीन रूपमा सञ्चालन योग्य बनाउन बाह्य लगानी र अनुभव आवश्यक छ,' प्रतिवेदनमा उल्लेख छ । दुग्ध विकास संस्थान (डीडीसी) को सन्दर्भमा आयोगले हालको केन्द्रीय संरचना तोडेर सातै प्रदेशमा स्वतन्त्र सार्वजनिक संस्थानका रूपमा परिणत गर्ने सुझाव दिएको छ । यस्तो संरचनाबाट स्थानीय उत्पादन र वितरण प्रणाली मजबुत हुने आयोगको तर्क छ । प्रतिवेदनमा उल्लेख गरिएअनुसार सार्वजनिक संस्थानहरूमा राजनीतिक हस्तक्षेप रोक्न वर्तमान कम्पनी ऐनमा संशोधन गर्नुपर्नेछ । साथै, सरकारको स्वामित्वमा रहेका कम्पनीहरूलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई सेयर बिक्री गर्न मिल्ने व्यवस्था मिलाउनुपर्ने सुझाव पनि छ । बण्ड जारी गरेर पूँजी परिचालन गर्न सकिने सम्भावनाको पनि संकेत गरिएको छ । सार्वजनिक संस्थानहरूमा योग्य र दक्ष जनशक्ति भर्ना गर्न कार्यसम्पादन सूचकहरूका आधारमा नियुक्ति प्रक्रिया अघि बढाउन र ती संस्थाहरूलाई आवश्यक स्वायत्तता दिने व्यवस्था गर्नसमेत सिफारिस गरिएको छ । आयोगले कर्मचारीको तलब भुक्तानी वा प्रशासनिक खर्च व्यवस्थापनका लागि राज्यले ऋण दिनु पूर्ण रूपमा बन्द गर्नुपर्ने सिफारिस गरेको छ । यसले सार्वजनिक संस्थानमा हुने खर्च नियन्त्रणमा मद्दत गर्ने विश्वास आयोगले व्यक्त गरेको छ ।

# सचिव घिमिरेलाई कारबाही गर्न चुरे अभियानको माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा वन अतिक्रमण, काठ तस्करी र सरकारी लापरवाहीका घटना बढ्दै गएका बेला चुरे तथा वनजंगल संरक्षण अभियानले प्रदेशका वन सचिव उद्धव घिमिरेमाथि गम्भीर आरोप लगाउँदै तत्काल सरुवा र कानुनी कारबाहीको माग गरेको छ । अभियानले शुक्रबार सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा विभिन्न प्रमाणहरूको आधारमा घिमिरेलाई 'असक्षम र पद अयोग्य' ठहर गर्दै नयाँ योग्य सचिवको तत्काल नियुक्ति माग गरिएको छ । अभियानका अनुसार रौतहट डिभिजन अन्तर्गतका गैडाटार, चन्द्रपुर, वृन्दावन, चोचा र पौराहीजस्ता क्षेत्रमा संगठित रूपमा वन क्षेत्र अतिक्रमण हुँदै आएको छ । विशेषतः चन्द्रपुर नगरपालिका–२ मा पाँच बिगाहा भन्दा बढी वन क्षेत्र अतिक्रमण गरिएको र त्यस क्षेत्रमा सयौँ सिसौका रुखहरू अवैध रूपमा काटिएको अभियोग अभियानले लगाएको छ । अभियानले सो क्षेत्रको भिडियो प्रमाण समेत सार्वजनिक गरेपछि प्रमाण नष्ट गर्न वैशाख महिनाको झन्डै ४० डिग्री तापक्रममा 'आकस्मिक' वृक्षारोपण गरिएको उल्लेख गरिएको छ । यस्तो कार्यले प्रमाण लुकाउने प्रयास भएको अभियानको ठम्याइ छ । त्यस्तै, गुजरा नगरपालिका–३ सिम्री सिक्टि टोलमा झण्डै पाँच बिगाहा वन क्षेत्र अतिक्रमण गरी अवैध खेती गरिएको र हाल मकै भित्र्याइएको छ । यो कार्य स्थानीय वन प्रशासनको प्रत्यक्ष संरक्षणमा भएको आरोप अभियानले लगाएको छ । विसं. २०८१ पुसमा सम्पन्न काठ लिलामी प्रक्रियामा पनि गम्भीर अनियमितता भएको अभियानको दाबी छ । विज्ञप्तिमा उल्लेखअनुसार राजदेवी, परवेज, सुरज, आरएन, कल्याणी, नन्दनी, सुरेन्द्र र लक्ष्मी लगायतका काठ मिलहरूसँग गोप्य सम्झौतामा अवैध रूपले सम्झौता गरिएको छ । प्रति घनफुट २ हजार २०० को सट्टा १ हजार ४८० मा टेन्डर दिइएको, काठको मूल्य राज्यलाई नपुग्ने गरी गुपचुप बिक्री गरिएको र वेवारिसे काठहरू कार्यालयमा थन्क्याएर राजस्व नजाने गरी छल गरिएको दाबी गरिएको छ । अभियानले पूर्व वनमन्त्रीको बर्खास्तीलाई जनदबाबको परिणाम भन्दै स्वागत गरेको छ । नयाँ वनमन्त्री सञ्जय यादवलाई सफल कार्यकालको शुभकामना दिँदै अभियानले अब बाँकी दोषीहरू सचिव, डिभिजन प्रमुख र संलग्न कर्मचारीमाथि कारबाही गरेर मात्र जनविश्वास कायम गर्न सकिने जनाएको छ । अभियानले जारी विज्ञप्तिमार्फत मधेश प्रदेश सरकार, वन मन्त्रालय र संघीय निकायहरूलाई निष्पक्ष र प्रभावकारी छानबिन गरेर दोषीलाई कारबाही गर्न माग गरेको छ । साथै नागरिक समाज, सञ्चारमाध्यम, राजनीतिक दल र सम्पूर्ण सरोकारवाला निकायहरूलाई चुरे तथा वन संरक्षणका लागि संयुक्त प्रयास गर्न पनि आग्रह गरिएको छ । अभियानले यसअघि वैशाख २१ गते मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापनपत्र बुझाउँदै वनमन्त्री, सचिव र रौतहट डिभिजन वन कार्यालय प्रमुखको भूमिकामाथि प्रश्न उठाएको थियो । ज्ञापनपत्रपछि निरन्तर रूपमा रौतहटमा विरोध, भण्डाफोर र दबाबमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको अभियानले वनमन्त्री बर्खास्तीलाई जनदबाबको सफल उपलब्धि मानेको छ । वन तथा वातावरणीय स्रोतहरूमा बढ्दो दोहन, अवैध कारोबार र सरकारी निकायहरूको मिलोमतोका विरुद्धमा चुरे संरक्षण अभियानले देखाएको सक्रियता र प्रमाणसहितको संघर्षले अब प्रदेश सरकारलाई थप दबाबमा ल्याएको देखिएको छ ।

# निर्वाचन कार्यालय पर्सामा मतदाता नामावली अद्यावधिक गर्ने बढे

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला निर्वाचन कार्यालय पर्सामा आर्थिक वर्ष २०८१ को चैत मसान्तसम्म मतदाता नामावली अद्यावधिक गर्नेको सङ्ख्या तीन लाख ५१ हजार ६२८ जना पुगेको छ । कार्यालयका प्रमुख अनामिका रौनियारले पर्सामा सबैभन्दा धेरै मतदाता वीरगञ्ज महानगरमा रहेको जानकारी दिइनु । 'महानगरमा एक लाख ३२ हजार ३९३ जना मतदाता रहनुभएको छु', उनले भनिन्, 'महानगरमा पुरुष मतदाता सङ्ख्या ७५ हजार १६९ रहेको छ भने महिला मतदाताको सङ्ख्या ५७ हजार २२० जना रहेका छन् ।' कार्यालयका अनुसार पछिल्लो समय महिलाहरू मतदाता नामावलीमा आफ्ना नाम राख्न इच्छुक हुँदै गइरहेका छन् । वीरगंज महानगरमा अन्य समुदायका मतदाता सङ्ख्या भने चार जना छन् । कार्यालयका अनुसार छिपरमाई गाउँपालिकामा १५ हजार ९७२, जगरनाथपुर गाउँपालिकामा १८ हजार ६७२, धोबिनी गाउँपालिकामा १२ हजार ४२५ जना मतदाता रहेका छन् । पकहाँमैनपुर गाउँपालिकामा १२ हजार ५९२ जना रहेका छन् । त्यसैगरी विन्दवासिनी गाउँपालिकामा १५ हजार १८८ र सखुवाप्रसौनी गाउँपालिकामा २० हजार १४४ मतदाता छन् । कालिकामाई गाउँपालिकामा १३ हजार २८२, जिराभवानी गाउँपालिकामा १४ हजार २६४ र ठोरी गाउँपालिकामा १४ हजार ६७६ जना छन् । पटेर्वा सुगौली गाउँपालिकामा १४ हजार ३३, पर्सागढी नगरपालिकामा २२ हजार ९५१ जना मतदाता रहेका छन् । त्यस्तै, पोखरिया नगरपालिकामा २० हजार ४३ र बहुदरमाई नगरपालिकामा पनि २४ हजार ९९३ जना मतदाता रहेका छन् । पर्सामा अन्य समुदायका १५ जना मतदाता छन् ।

# एमाले धनुषाको नेतृत्वमा महासेठ समूहका भोला यादव प्यानलसहित निर्वाचित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमाले धनुषा जिल्ला कमिटीको ८औँ अधिवेशनले पूर्व उपप्रधानमन्त्री तथा एमाले केन्द्रीय सचिव रघुवीर महासेठ निकट भोला यादव नेतृत्वको प्यानल बहुमतसहित विजयी भएको छ । अधिवेशनमा अध्यक्षसहित अधिकांश पदहरूमा महासेठ पक्षधर उम्मेदवारहरूको जितले जिल्ला कमिटीमा गुटगत शक्ति सन्तुलन महासेठ पक्षतिर ढलेको देखिएको छ । अध्यक्ष पदमा उम्मेदवार भोला यादवले ४०२ मत प्राप्त गर्दै निकटतम प्रतिस्पर्धी लक्ष्मीनारायण यादवलाई २०२ मतले पराजित गरे । लक्ष्मीनारायणलाई जम्मा २०० मत प्राप्त भयो । उनी केन्द्रीय सदस्य उमाशंकर अरगरिया र मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल निकट मानिन्छन् ।

अन्य पदहरूमा पनि महासेठ समूहकै उम्मेदवारले विजय हात पारे । उपाध्यक्षमा तेजनारायण यादवले ४३० मतसहित विजयी भए भने उनका प्रतिस्पर्धी जयप्रकाश सुनरैतले १६० मतमा सीमित भए । सचिवमा दिपनारायण ठाकुर ३६५ मत पाएर जितेका छन् । उनका निकटतम प्रतिस्पर्धी धिरेन्द्र मण्डलले २२५ मत ल्याए । उपसचिवमा सबिन विक्रम थापा र महिला उपसचिवमा रुका कुमारी मिश्र विजयी भए । लेखा समिति संयोजकमा वीरेन्द्रलाल कर्णले जित हासिल गरे । अधिवेशनको औपचारिक उद्घाटन वैशाख २० गते एमालेका उपाध्यक्ष ईश्वर पोखरेलले गरेका थिए । वैशाख २२ गते राति मनोनयन दर्ता भएपनि उम्मेदवारको अन्तिम नामावली प्रकाशनमा विवाद सिर्जना भयो । त्यसले गर्दा वैशाख २३ गते दुई पक्षबीच झडप र कुटाकुटसम्मको स्थिति आएको थियो ।

झडपमा ५ जना घाइते भए । स्थिति नियन्त्रणमा आएपछि मतदान प्रक्रिया स्थगित गरिएको थियो । अन्ततः बुधबार सम्पन्न मतदानमा कुल ६२८ जना प्रतिनिधिहरूले मताधिकार प्रयोग गरेका थिए । निर्वाचनबाट १३५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरिएको छ ।

# एकल महिलाका मुद्दा प्रदेश सरकारको नीति कार्यक्रममा समावेश हुन्छः मन्त्री जयसवाल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद कुमार जयसवालले प्रदेश सरकारले एकल महिलाहरूको सामाजिक, मानसिक र आर्थिक समस्या समाधानका विषयलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गर्ने प्रतिबद्धता जनाएका छन् । क्रियाशील महिला, एकल महिला समूह धनुषाको आयोजनामा जनकपुरधाममा शुरु भएको दुई दिने तनाव व्यवस्थापन तालिमको उद्घाटन कार्यक्रममा मन्त्री जयसवालले बोल्दै एकल महिलाहरूले समाजमा भोग्दै आएका समस्याहरूलाई नजिकबाट बुझेको बताए । मन्त्री जयसवालले समाजमा एकल महिलाप्रति व्याप्त सामाजिक भेदभाव, अपमानजनक व्यवहार र मानसिक तनावका कारण उनीहरूको जीवन कठिन भएको उल्लेख गरे । उनले भने, 'सरकारको नीति र नियमले एकल महिलाको जीवन सहज बनाउन सक्दैन, समाजको सोच परिवर्तन गर्नुपर्ने मुख्य खाँचो हो । सरकारले सहजीकरणको भूमिका मात्र खेल्न सक्छ ।' उनले समाजमा विद्यमान परम्परागत सोच, पुरातन दृष्टिकोण र पितृसत्तात्मक संरचनाका कारण एकल महिलाहरू निरन्तर मानसिक तनावमा परिरहेका छन् भन्दै त्यस्ता समस्याको समाधान सामाजिक चेतनामार्फत मात्र सम्भव हुने बताए । तालिमले तनाव व्यवस्थापन, मानसिक स्वास्थ्यको महत्व, आत्म सशक्तिकरण र व्यवहार परिवर्तनका उपायहरूबारे सहभागी महिलाहरूलाई जानकारी दिने आयोजकले जानकारी दिएको छ । मन्त्री जयसवालले यस्ता तालिमहरू एकल महिलाहरूको मनोबल बढाउन, आत्मबल सुदृढ गर्न र सामाजिक रूपमा निर्भीक बन्न प्रेरित गर्न महत्त्वपूर्ण हुने भन्दै प्रदेश सरकारले यस्ता कार्यक्रमलाई थप विस्तार गर्ने बताए । कार्यक्रममा मन्त्री जयसवालले क्रियाशील महिला, एकल महिला समूह धनुषाको प्रयासको प्रशंसा गर्दै यस्तो सशक्त र सचेत नेतृत्वले प्रदेशका एकल महिलाको मुद्दालाई उठान गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले प्रदेश सरकार नारी सशक्तिकरणका लागि नीतिगत, आर्थिक र संस्थागत सहयोग गर्न तयार रहेको स्पष्ट पारे । दुई दिने तालिममा विभिन्न जातीय, धार्मिक र सामाजिक पृष्ठभूमिबाट आएका १५ जना एकल महिला सहभागी छन् । प्रशिक्षणदाताहरूले व्यवहारिक अभ्यास, समूह छलफल र व्यक्तिगत अनुभव आदानप्रदानमार्फत सहभागी महिलाहरूलाई तनाव व्यवस्थापनका सीपहरू सिकाइरहेका छन् । तालिम आयोजक संस्था क्रियाशील महिला, एकल महिला समूह धनुषाले एकल महिलाहरूको सामाजिक अधिकार, आत्मनिर्भरता र मानसिक स्वास्थ्यको क्षेत्रमा निरन्तर क्रियाशील रहँदै आएको छ ।

# सहकारी क्षेत्रको सुधार र पारदर्शिताका लागि वीरगंजमा अन्तर्क्रिया




**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी क्षेत्रका समसामयिक समस्या, नीति निर्माणमा देखिएका चुनौती, व्यवस्थापनको सुधार र पारदर्शिता अभिवृद्धिका उपायहरूबारे गम्भीर छलफल गर्दै वीरगंजमा एकदिने अन्तक्रिरया कार्यक्रम सम्पन्न भएको छ । को–अपरेटिभ म्यानेजर्स क्लब पर्साको आयोजनामा भएको सो कार्यक्रम शुक्रबार वीरगंजस्थित गृह लक्ष्मी बचत तथा ऋण सहकारी संस्था (साकोस) को सभाहलमा सम्पन्न भएको हो । कार्यक्रमको उद्घाटन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफस्कुन) का अध्यक्ष तथा प्रमुख अतिथि चन्द्र प्रसाद ढकालले दीप प्रज्वलन गरेर गरेका थिए । उनले उद्घाटन मन्तव्यमा सहकारी क्षेत्र देशको समग्र आर्थिक विकाससँग गहिरो सम्बन्ध रहेको उल्लेख गर्दै विगत केही समययता सहकारी क्षेत्रमा देखिएको अन्योल र जनविश्वासमा आएको गिरावटलाई हटाउन सशक्त कदम चाल्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रमको अध्यक्षता क्लबका अध्यक्ष रवि भूषण श्रीवास्तवले गरेका थिए भने विशिष्ट अतिथिका रूपमा क्लबका संस्थापक अध्यक्ष जिष्णु बराल र निवर्तमान अध्यक्ष चन्देश्वर प्रसाद चौरसियाको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन क्लबका सचिव प्रदीप कुमार लोहारले गरेका थिए । कार्यक्रममा सहकारी क्षेत्रमा कार्यरत व्यवस्थापक, सञ्चालक र सरोकारवालाहरू गरी ४० जनाभन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागिहरूले सहकारीहरूमा देखिएका प्रमुख समस्या, अनुगमन प्रणालीको कमजोरी, वित्तीय पारदर्शिताको अभाव, व्यवस्थापनमा दक्ष जनशक्तिको कमी, राजनीतिक हस्तक्षेप तथा सदस्यहरूमा वित्तीय साक्षरताको कमी जस्ता विषयहरूबारे गहिरो बहस गरेका थिए । छलफलमा सहभागीहरूका अनुसार सहकारीहरूले समाजको आर्थिक रूपान्तरणमा उल्लेखनीय योगदान दिँदै आएका भए पनि पछिल्लो समय केही सहकारीहरूमा देखिएको अव्यवस्थापन, अनियमितता, दोहोरो लेखा प्रणाली र पारदर्शिताको अभावले सम्पूर्ण क्षेत्रप्रति जनविश्वास घटिरहेको छ । यस्तो अवस्थाबाट बाहिर निस्कनका लागि नीति निर्माणमा सरोकारवालाको सहभागिता, स्वशासन र स्वअनुशासनको अभ्यास, सूचना प्रवाह प्रणालीको मजबुती, वित्तीय विवरणको पारदर्शिता, सदस्यहरूको क्षमता अभिवृद्धि तालिम र नियमित अनुगमन तथा मूल्यांकन प्रणालीको निर्माण गर्नुपर्नेमा जोड दिइएको थियो । कार्यक्रममा क्लबका अध्यक्ष श्रीवास्तवले सहकारी क्षेत्रको सुदृढीकरणका लागि यस्ता अन्तक्रिरया कार्यक्रमहरूलाई नियमित रूपमा सञ्चालन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे । उनले सहकारीलाई पारदर्शी, दिगो र जनउत्तरदायी बनाउन सबै पक्षबीच सहकार्य आवश्यक रहेको धारणा राखे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन